नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




वर्ष १ | अंक १३३ | २०७९ साल चैत ११ गते शनिबार | Saturday 25, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# बारामा उपेन्द्र यादवको अग्निपरीक्षा

## *गठबन्धनबाटै अरु 'हेभीवेट' उपेन्द्रविरुद्ध मैदानमा*



एस.के. कर्ण
जनकपुरधाम, १० चैत ।

रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै उनी निर्वाचित बारा क्षेत्र नम्बर २ मा उपनिर्वाचनको माहौल तातिएको छ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आफू संसद छिर्ने उद्देश्यले यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाए । उनले यादव जितेपछि आफू गठबन्धनको उम्मेदवार बनेर सहजै जित्ने सोचेका थिए ।

रणनीतिमा उनले केही हदसम्म सफलता पाए । तर गठबन्धनआबद्ध दलहरुले आआफ्नै उम्मेदवार खडा गर्ने घोषणा गर्न थालेपछि उपेन्द्रलाई बारा-२ सहज देखिएको छैन । निर्वाचन आयोगले चैत २० मा मनोनयन र वैशाख १० मा उपनिर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ । तनहुँ, चितवन-२ र बारा-२ मा एकैपटक उपनिर्वाचन हुँदैछ । जसपा अध्यक्ष यादव निर्वाचन लड्ने तयारी गर्दै अरु निर्वाचन क्षेत्रभन्दा बारा-२ मा बढी आसावादी छन् । तर यादवसँग भिड्न त्यहाँ 'हेभीवेट नेताहरू' पनि तयारीमा जुटेका छन् । सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग भारी मतान्तरले पराजित यादवले आफ्ना लागि 'क्लियर' सोचेको बारा-२ मैदान उनका लागि अग्निपरीक्षाको घडी बन्दैछ।

त्यहाँबाट चुनाव जितेर संसद छिर्ने दाउमा लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो र गत निर्वाचनमा झिनो मतान्तरले पराजित भएका माओवादीका शिवचन्द्र कुशवाहा पनि तयारी गरिरहेका छन् । उनीहरुको उम्मेदवारी घोषणा भइसकेको छ । गठबन्धनकै जनमत र रास्वपाले समेतले उम्मेदवार खडा गर्ने घोषणा गरिसकेको छ । उनीहरु पनि 'हेभीवेट' उम्मेदवारको खोजीमा छन् ।

उपेन्द्र यादवलाई रोक्न जनमतले समेत आफ्नो कार्ड खेलिसकेको छ भने एमाले पनि आफ्नै दाउमा छ । जनमतका अध्यक्ष डा. सिके राउतले गढीमाई शक्तिपीठको दर्शन गरेर मिसन बारा-२ अभियान नै सुरु गरिसकेका छन् । मंसिर ४ को चुनावमा रामसहाय यादवका निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका नेता शिवचन्द्र कुशवाहाले पार्टीबाटै लड्ने नभए बागी भएर उठ्ने घोषणा गरिसकेका छन् । गत निर्वाचनमा उनी रामसहायसँग ३ सय ५४ मतले मात्रै पराजित भएका थिए ।

पछिल्लो चुनावमा जसपा एमालेसँग गठबन्धन गरेर लडेको थियो । तर, अहिले समीकरण फरक छ । अहिले सरकारमा जसपा पनि जाँदैछ । आगामी निर्वाचनमा चुनावी समीकरण फरक देखिनेछ । माओवादी केन्द्रका कुशवाहा त्यही हिसाबले पुनः मत आउने र आफू जित्नेमा ढुक्क रहेकाले जुनसुकै हालतमा चुनाव लड्ने दाबी गर्छन् ।

कुशवाहा, जसपा अध्यक्ष यादव, लोसपा नेता महतो त्यसक्षेत्रका लागि 'हेभीवेट' उम्मेदवार हुने देखिन्छ । यादव, महतो र राउत १० दलीय गठबन्धनमा पनि छन् । गठबन्धनबाट साझा उम्मेदवार बनाए पनि मित्रवत प्रतिस्पर्धामा महतो, राउत र यादवका पार्टीले प्रतिस्पर्धा गर्ने सम्भावना कायमै छ ।

यता गठबन्धनको निर्णयले कुशवाहालाई उम्मेदवारी दिनबाट रोक्नसक्ने सङ्केत देखिएपछि जनमत पार्टीले उनलाई आफ्नो पार्टीबाट उम्मेदवार बनाउन प्रयास गरिरहेको जनमत पार्टीका एक केन्द्रीय सदस्यले बताए । जनमतकै एक शीर्ष नेताले भने, 'हामी त्यस

*- बाँकी पृष्ठ ६ मा*

# आरतीलाई न्यायको आभाष, नवीनलाई पुर्पक्ष

## *'५० लाख दाइजो माग्दै कुटपिट गराएर गर्भपात'*



मधेशदृष्टि
राजविराज, १० चैत ।

पति र परिवारका सदस्यबाट यातना खेपेकी अनि घरनिकालामा परेकी आरतीकुमार दासलाई न्याय पाउने आसा पलाएको छ । दाइजोका नाममा पति नवीनसँगै परिवारका सदस्यले शारिरीक तथा मानसिक यातना, कुटपिट, गर्भपतन, खानलगाउन नदिएर घर निकालासम्मको कसुर गरेको भन्दै पत्नी २३ वर्षीया आरती अदालत पुगेकी थिइन् ।

आरतीको मुद्धामा सप्तरी जिल्ला अदालतले पति, राजविराज-३ का ३० वर्षीय नवीनकुमार दासलाई पुर्पक्षमा पठाउन आदेश दिएको छ । मुख्य न्यायाधीश हेमन्त रावलको इजलासले दासविरुद्ध परेको विवाहसम्बन्धी कसुर र गर्भपतन मुद्धामा थुनछेक बहसपछि शुक्रबार थुनामा पठाउन आदेश जारी गरेपछि नवीन राजविराज कारागार चलान भएका छन् ।

यसअघि घरेलु हिंसाको मुद्धामा समेत जिल्ला अदालतले आरतीका पक्षमा संरक्षनात्मक आदेश जारी गरेको थियो। । आदेशमा आरतीलाई बस्दै आएको घरमा बसोबास गर्न दिनू, खान लगाउन दिनू तथा कुटपिट र गाली बेइजती नगर्नू भनिएको थियो । फैसलापछि घर प्रवेश गराउन खोज्दा परिवारजनले मूलगेटमा भित्रपट्टिबाट ताला लगाएका थिए । पटकपटक आग्रह गर्दा पनि ढोका न खोलेपछि कानुन व्यवसायी, सञ्चारकर्मी, जनप्रतिनिधि, प्रहरी र स्थानीयले बाहिरबाट सिढी लगाएर आरतीलाई घरमा प्रवेश गराएका थिए ।

अदालतको आदेश पालना नगरी पति नवीन, सासु, ससुरा, नन्द र परिवारका अन्य सदस्यले फेरि त्यस्तै प्रकृतिको व्यवहार दोहोऱ्याउन थालेपछि आरती पुनःअदालतको शरणमा पुगेकी थिइन् । उनले अदालतमा पेश गरेको विवाहसम्बन्धी कसुर र गर्भपतनसम्बन्धी मुद्धामा थप ५० लाख दाइजो माइतबाट लिई आउन परिवारजनले दबाब दिन थालेको र इन्कार गर्दा गर्भवती अवस्थामा समेत खान लगाउन नदिई कुटपिट गरेपछि २ महिनाको गर्भ समेत तुहिएको उल्लेख गरेकी छिन् ।

गर्भ तुहिएको मेडिकल रिपोर्ट पनि पेश गरेकी उनले दाइजोका लागि पटकपटक शारिरीक र मानसकि यातनासँगै खान र लगाउन पनि नदिदाँ कतिपय दिन भोकै बस्नु परेको

*- बाँकी पृष्ठ ६ मा*

# रास्वपाले तीनै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने




मधेशदृष्टि
जनकपुरधाम, १० चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उपनिर्वाचन हुने तीनवटै क्षेत्रमा उम्मेदवारी दिने निर्णय गरेको छ ।

रास्वपाको शुक्रबार बसेको केन्द्रीय समिति बैठकले उपनिर्वाचनमा गठबन्धन नगर्ने र तीनवटै क्षेत्रमा चुनाव लड्ने निर्णय गरेको पार्टी प्रवक्ता मुकुल ढकालले जानकारी दिए ।

वैशाख १० गते चितवन-२, तनहुँ-१ र बारा-२ मा उपनिर्वाचन हुँदैछ ।

बैठकले उपनिर्वाचन हुने तीनवटै क्षेत्रमा निर्वाचन परिचालन समिति पनि गठन गरेको छ । चितवनमा उपसभापति डोलप्रसाद अर्याल, तनहुँमा सहमहामन्त्री कबिन्द्र बुर्लाकोटी र बारामा गणेश कार्की संयोजक तोकिएका छन् ।.



# २० हजारभन्दा बढी छोरीको वीमा अन्योलमा

मधेशदृष्टि
जनकपुरधाम, १० चैत । मधेस प्रदेश सरकारको गौरवको आयोजना अन्तर्गत सञ्चालनमा रहेको 'बेटी पढाऊँ बेटी बचाऊँ' कार्यक्रममा २० हजार भन्दा बढी छोरीहरुको वीमा अन्योलमा परेको छ।




प्रदेशमा जन्मेका छोरीहरुलाई बचाउन तथा उनीहरुलाई उच्चशिक्षातर्फ प्रेरित र बालविवाह रोक्ने उद्देश्यले प्रदेश सरकारले २०७६/७७ देखि नै 'बेटी पढाऊँ बेटी बचाऊँ' कार्यक्रम सञ्चालनमा ल्याएको थियो । कार्यक्रम सञ्चालनमा आएपछि प्रदेश सरकारले छोरीहरुको वीमा गर्न शिविर नै सञ्चालन गरेको थियो । शिविरहरुमा गरिएका २० हजार भन्दा बढी छोरीहरुको वीमा अन्योलमा परेको हो । शिविरमा वीमा गरिएका २० हजार भन्दा बढी छोरीहरुले अहिलेसम्म न त वीमाको कागजात पाएका छन्, न उनीहरुले यससम्बन्धी कुनै जानकारी पाएका छन् ।

२०७८ साल भन्दाअघि गरिएका छोरीहरुको वीमा अन्योलमा भएको 'बेटी पढाऊँ बेटी बचाऊँ' कार्यक्रम संयोजक प्रियंका यादवले जानकारी दिइन् । उनका अनुसार २०७८ साल भन्दाअघि गरिएका शिविरमा छोरीहरुको वीमामध्ये २० हजार भन्दा बढी छोरीहरुको कागजात प्रमाण स्थानीय तहले नै राखेका कारण उनीहरुको वीमा पोलिसी अन्योलमा पर्न गएको हो ।

स्थानीय तहहरुले कोभिड महामारी भएको बहाना बनाएर छोरीहरुको वीमाको कागजात नपठाएका कारण तिनीहरुको वीमा अन्यौलमा परेको हो । स्थानीय तहलाई कागजात पठाउन पटकपटक ताकेता गरिएको छ।

कार्यक्रम शुरु गरिएको समयमा प्रदेशमा जन्मिएका छोरीलाई एक लाख रुपैयाँको निःशुल्क वीमा गरिएको थियो । २०७६ साल फागुनदेखि वीमा रकम बढाएर अहिले तीन लाख रुपैयाँसम्म मधेस प्रदेश सरकारले पुऱ्याएको छ । २०७८ साल भन्दाअघिको २० हजार छोरीहरुको वीमा अन्योलमा रहेको भए पनि २०७८ सालदेखि भने प्रदेश सरकारले अनलाइनमार्फत नै वीमा पोलिसीको फारम भर्न सक्ने व्यवस्था मिलाइएको उनले जानकारी दिइन् । अनलाइनमार्फत वीमा गर्न शुरु भएपछि अहिले दैनिक २० देखि ३० वटा फारम आउने गरेको उनको भनाइ छ । 'बेटी पढाऊँ बेटी बचाऊँ' कार्यक्रमअन्तर्गत वीमा गरिएका छोरीहरुले मापदण्ड पूरा गरेमा २० वर्षपछि तीन लाख रुपैयाँ पाउने व्यवस्था छ ।

# मधेशमा ९ हजार क्षयरोगी अस्पताल अभाव

मधेशदृष्टि
जनकपुरधाम, १० चैत । मधेश प्रदेशमा क्षयरोगीको संख्या दिनानुदिन बढ्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा प्रदेशमा क्षयरोगीको संख्या झण्डै ९ हजार पुगेको छ।



शुक्रबार स्वास्थ्य निर्देशनालयद्वारा १ सय ४१ औँ विश्व क्षयरोग दिवसको अवसरमा आयोजित अभिमुखिकरण कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार देशभर ६९ हजार क्षयरोगी रहेकामा मधेश प्रदेशमा मात्रै ८ हजार ९८१ छन् । तथ्यांकअनुसार ७ वर्षको अवधिमा २०७६/७७ मा क्षयरोग नियन्त्रणमा केही सुधार आएपनि पुनः यो संख्या बढदै गएको हो। प्रस्तुत तथ्यांकअनुसार २०७२/७३ मा ६ हजार ३ सय ९५, २०७३/७४ मा ६ हजार ४ सय ४९, २०७४/७५ मा ६ हजार ७ सय ८९ पुगेको थियो । तर २०७६/७७ मा न्युनिकरण हुँदै ५ हजार ८ सय २० पुगेको थियो। सो आर्थिक वर्षमा सरकार क्षयरोग नियन्त्रण गर्न केही सफल भए पनि त्यसलाई आगामी आर्थिक वर्षमा नियन्त्रण गर्न विफल देखिए। २०७७/७८ मा ह्वात्तै ८ सय ३३ ले बढेर ६ हजार ६ सय ५३ पुग्यो । सो संख्या बढदै २०७८/७९ मा ८ हजार ९ सय ८१ पुगेको छ । सरकारले २०७८/७९ मा १४ हजार १ सय ९९ रोगी पत्ता लगाउने लक्ष्य राखेकामा विफल हुँदै ८ हजार ९ सय ८१ मात्र फेला पार्न सकेको हो।

जिल्लागत रुपमा सबभन्दा बढी सर्लाही र सबभन्दा कम सप्तरीमा क्षयरोगी छन् । तथ्यांकअनुसार सर्लाहीमा १ हजार ४ सय ६२ र सप्तरीमा ६ सय ७६ क्षयरोगी छन् । त्यस्तै, सिरहामा ७ सय ५८, धनुषामा १ हजार ३ सय २१, महोत्तरीमा १ हजार १ सय ४२, रौतहटमा १ हजार ८८, बारामा १ हजार ३ सय ७८ र पर्सामा १ हजार १ सय ५६ क्षयरोगी छन् । फेला परेका यी क्षयरोगीहरु स्वास्थ्यकर्मीको सम्पर्कमा रहेर औषधि लिइरहेका छन् । कार्यक्रममा जानकारी गराइएअनुसार सबभन्दा बढी खकारबाट फोक्सोको (पिबिसी) क्षयरोगी छन् । खकारबाट फोक्सोका पत्ता लागेका ५ हजार १ सय ७३, एक्सरे वा सिटी सक्यानबाट पत्ता लागेका फोक्सोका क्षयरोगी (पिसिडी) १ हजार ९ सय ८० र फोक्सो बाहिर देखिने क्षयरोगी (इपी) १ हजार ८ सय २९ छन् ।

क्षयरोगबाट २०७९/८९ सम्म १७ हजारको क्षयरोगबाट मृत्यु भइसकेको छ । देशभरिमा १४ मुनिका ५ हजार १ सय नयाँ बिरामी रहेको छ भने १४ वर्षमाथिका ६३ हजार ९ सय बिरामी छन् । नेपालमा दैनिक १ सय ९१ जाना नयाँ बिरामी फेला पर्दै आएका छन् ।

जनसंख्याको ५० प्रतिशत जति क्षयरोगबाट संक्रमित रहेको अनुमान गरिएको छ।

क्षयरोगमुक्त नेपाल अभियान मधेश प्रदेशका तीन वटा स्थानीय तहमा सञ्चालित छन् । प्राप्त जानकारी अनुसार धनुषाको लक्ष्मिनिया गाउँपालिका, सर्लाहीको हरिवन नगरपालिका र बाराको निजगढ नगरपालिकामा कार्यक्रम संचालनमा छ। स्वास्थ्य सेवाको पहुँच नहुनु, स्वास्थ्य संस्था भए पनि उपयोग नगर्नु, स्वास्थ्य संस्थामा गएपनि रोगको पहिचान हुन नसक्नु, सामाजिक भेदभाव र लोकलाजले बिरामी भएर लुकाउने प्रवृत्तिले क्षयरोगीको संख्या दिनानुदिन बढ्दै गएको कार्यक्रममा सहभागी वक्ताहरुले बताए । क्षयरोगले प्रदेश अक्रान्त भए पनि मधेश प्रदेश सरकारले यसमा कुनै चासो नलिइएको कार्यक्रममा गुनासो गरिएको छ । स्वास्थ्य निर्देशनालयका राजवीर यादवका अनुसार, प्रदेशमा क्षयरोगीका लागि उचित अस्पताल छैन, गम्भीर प्रकृतिका बिरामीलाई होस्टेलमा राखेर उपचार गर्नुपर्ने अवस्थामा यहाँ ६ बेडको एउटा मात्र होस्टेल छ । बिरामी बढी भएकाले प्रदेश सरकारले यसतर्फ ध्यान दिन जरुरी छ।

कार्यक्रममा सामाजिक विकास मन्त्री सुरिता साहले अन्य बिरामीको उपचार सम्भव भएको तर यो रोग लुकाउने प्रवृत्तिले सरुवा रोग भएका कारण समुदायमा कोरोना जस्तै बढ्दै गएको बताइन् । उनले चाँडै प्रदेशमा क्षयरोग उपचारको छुट्टै अस्पताल खोल्ने प्रतिबद्धता जनाइन् । कार्यक्रमा समाजिक विकास मन्त्रालयका सचिव लक्ष्मी भण्डारीले ग्लोबल फन्डको सहयोगमा प्रदेश सरकारले क्षयरोग अस्पताल खोल्ने तयारी गरे पनि जग्गा आभावले ढिलाइ भइरहेको बताए । सेभ द चिल्ड्रेनका लीलाबहादुर बस्नेत, बागमती सेवा समाजका भरत कार्कीले पनि आफ्ना धारणा राखेका थिए । कार्यक्रममा नियमित रुपमा औषधि सेवन गरेर निको भएका कविता साह र देवनारायण गडेरीलाई प्रमुख अतिथि मन्त्री साहले दोसल्ला ओढाएर सम्मान गरेकी थिइन् ।




## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# डा. झा मधेश सरकारको आर्थिक सल्लाहकारमा नियुक्त

मधेशदृष्टि
जनकपुरधाम, १० चैत । मधेस प्रदेश सरकारको आर्थिक सल्लाहकारमा अर्थविद् डा. भोगेन्द्र झा नियुक्त भएका छन् । मधेस प्रदेशको बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले झालाई प्रदेश सरकारको आर्थिक सल्लाहकारमा नियुक्त गरेको हो । मुख्यमन्त्री सरोजकुमार यादवले झालाई आर्थिक सल्लाहकारमा नियुक्त गरिएको पत्र शुक्रबार पठाएका छन् ।



प्रदेशको समग्र विकासका लागि योजना तर्जुमालगायत आर्थिक सरोकारमा सुझाव लिन निजीक्षेत्रका अनुभवी र प्रवुद्ध व्यक्तिलाई सल्लाहकार नियुक्त गरिएको प्रदेश सरकारले बताएको छ ।झा यसअघि मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारको पालामा प्रदेश नीति आयोगका उपाध्यक्ष थिए । नयाँ मुख्यमन्त्री निर्वाचित भएपछि उनले आयोगबाट नौतिकताका आधारमा राजीनामा दिएका थिए । त्रिभुवन विश्वविद्यालयअन्तर्गत अर्थशास्त्रको प्राध्यापकबाट केही वर्ष अघि अवकाश ग्रहण गरेका डा. झा नेपालको चर्चित अर्थशास्त्रीको रुपमा चिनिन्छन् ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# ८२ विद्यार्थीको उत्तरपुस्तिका कब्जा




मधेशदृष्टि
वीरगंज, १० चैत ।
कक्षा ८ को नगरस्तरीय परीक्षामा अनधिकृत परीक्षाकेन्द्रबाटपरीक्षादिइरहेका८२विद्यार्थीको उत्तरपुस्तिका वीरगंज महानगरपालिकाको शैक्षिक महाशाखाले नियन्त्रणमा लिएको छ । कक्षा ८ को महानगरस्तरीय परीक्षामा महानगरले तोके भन्दा बाहिरबाट आफूखुसी परीक्षा केन्द्र राखेर परीक्षा दिने ४ वटा निजी विद्यालयका ८२ विद्यार्थीको उत्तर पुस्तिका नियन्त्रणमा लिइएको वीरगंज महानगरपालिकाका शैक्षिक महाशाखा प्रमुख अरबिन्द लाल कर्णले जानकारी दिए ।
वीरगंज महानगरपालिका वडा न ७ स्थित माइस्थान बालविद्या मन्दिर इन्दु लाखे आधारभूत विद्यालयमा वीरगंजकै ग्रीनल्याण्ड माविमा कक्षा ८ मा अध्ययनरत ४७ विद्यार्थी, असीम माविका १७, एपेक्स इन्टरनेशनल स्कुलका ७ र सालोम माविका १२ सहित ८२ विद्यार्थीले अनधिकृत परीक्षा केन्द्रबाट परीक्षा दिइरहेको जानकारी पाउनासाथ महानगरपालिका शैक्षिक महाशाखाका प्रमुख कर्णको नेतृत्वमा खटिएको टोली पुगेर उत्तर पुस्तिका नियन्त्रणमा लिइएको हो । महानगरपालिकाले उत्तरपुस्तिका नियन्त्रणमा लिएपछि सम्बन्धित विद्यालयहरुलाई आआफ्ना स्कुलका विद्यार्थीको परीक्षा विद्यालयमै लिन निर्देशन दिइएको कर्णले बताए ।
वीरगंज महानगरपालिकामा आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षामा सामुदायिकतर्फ ३४ विद्यालयका ३ हजार ४ सय ५० र निजीतर्फ ८३ विद्यालयका २ हजार ४ सय १२ सहित ५ हजार ८ सय ६२ विद्यार्थी सहभागी छन् ।

# विपदपूर्व तयारी बैठक सम्पन्न




मधेशदृष्टि
वीरगंज, १० चैत ।
गर्मीयाम सुरु भएकाले पूर्व तयारीका लागि जिल्ला प्रशासन कार्यालय पर्सामा जिल्ला विपद व्यवस्थापन तथा पूर्व तयारी समितिको बैठक भएको छ ।
प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको अध्यक्षतामा सम्पन्न बैठकले २४ सै घण्टा पालिका विपद व्यवस्थापन केन्द्रको दमकल तयारी अवस्थामा राख्ने, गाउँमा रहेका इनार, पोखरी, तलाउ, कुवा संरक्षण गर्ने, आगलागी भएमा तत्काल दमकल तथा प्रहरी प्रशासनलाई जानकारी दिने, आगो निभाउने आवश्यक उपकरण व्यवस्थापन गर्नेलगायतको निर्णय गरिएको छ ।
बैठकले हालै भएको आगलागीमा पर्सामा क्षति भएका ३१ घरपरिवारलाई ४ लाख ८ हजार क्षतिपुर्ति उपलब्ध गराउने, सखुवापरसौनी गाउँपालिका वडा नम्बर १ मा चट्याङ लागेर मृत्यु भएका शिवनारायण दास थारुको परिवारलाई राहतस्वरुप २ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय पनि गरेको छ ।
आगलगी घटना हुन नदिन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय समेत बैठकले गरेको छ ।
बैठकमा वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साह तेली, पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, धोबिनी गाउँपालिकाका अध्यक्ष मदन चौहान, नेपाली कांग्रेसका उपाध्यक्ष रामनारायण कुर्मी, नेकपा माओवादीका सुरेन्द्र गुप्ता, नेकपा एकीकृतका सुबेदार यादव, पर्साका प्रहरी उपरीक्षक कोमल साह, गैरसरकारी संस्थाका अध्यक्ष छठु साहलगायतको उपस्थिति थियो ।

# क्षयरोग दिवसका अवसरमा सचेतना ¥याली

मधेशदृष्टि
वीरगंज, १० चैत ।
विश्व क्षयरोग दिवस वीरगंजमा पनि विविध कार्यक्रम गरी मनाइएको छ ।
'हो हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने नाराका साथ वीरगंज महानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाद्वारा चेतनामूलक ¥याली निकालिएको छ । वीरगंजको घण्टाघरबाट सुरु भएको ¥यालीले नगर परिक्रमा गरेको थियो । ¥यालीमा सहभागी स्वास्थ्यकर्मीले सचेतनामूलक प्लेकार्ड बोक्नुका साथै क्षयरोगसम्बन्धी सचेतनामूलक सन्देश लेखिएका पम्प्लेट वितरणसमेत गरेका थिए । महानगरको स्वास्थ्य शाखामा कार्यरत तथा क्षयरोग रोकथामका फोकल पर्सन सुमनचन्द्र ठाकुरको संयोजकत्व तथा वीरगंज महानगरपालिका स्वास्थ्य शाखाका प्रमुख रितेश जैसवालको उपस्थितिमा सम्पन्न ¥यालीमा स्वास्थ्य कार्यालय पर्साका विनोद झा, नारायणी अस्पतालका डाक्टर उदयनारायण सिंह, बिजामका अनोज खडकालगायतको सहभागिता थियो । यस्तै, महानगरका ३४ वटै स्वास्थ्य संस्थामा पनि सचेतनामूलक कार्यक्रम गरी विश्व क्षयरोग दिवस मनाइएको सुमनचन्द्र ठाकुरले जानकारी दिए । नेपालमा क्षयरोगबाट प्रत्येक दिन ४७ जनाको मृत्यु हुने गरेको छ । यस्तै, दैनिक १ सय ९० जनाको हाराहारीमा क्षयरोगीका नयाँ बिरामी थपिने गरेका छन् ।

# बागमतीमा दोस्रोपटक विश्वासको मत, गण्डकीमा मुख्यमन्त्रीलाई संकट

मधेशदृष्टि
वीरगंज, १० चैत ।
बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सभाबाट विश्वासको मत पाएका छन् । प्रदेश सभा भवन हेटौंडामा शुक्रबार भएको मत विभाजनमा जम्कट्टेलले एक सय १० जना सांसदमध्ये ६७ जनाको मत पाए । विश्वासको मत प्राप्त गर्न ५६ मत भए पर्याप्त हुन्थ्यो । जम्कट्टेललाई नेपाली कांग्रेसका ३७, नेकपा माओवादी केन्द्रका २१, नेकपा एकीकृत समाजवादीका सात र हाम्रो नेपाली पार्टीका दुई सांसदले मत दिएका हुन् ।
नेकपा एमाले, राप्रपा र मजदुर किसान पार्टीले भने मत दिएनन् । जम्कट्टेलले पुस २५ गते मुख्यमन्त्री नियुक्त भएर माघ ३ गते विश्वासको मत लिएका थिए । राप्रपाले समर्थन फिर्ता लिएपछि उनले दोस्रो पटक विश्वासको मत लिएका हुन् । शुक्रबार नै बागमती प्रदेश सरकारबाट नेकपा एमाले बाहिरिएको छ । प्रदेश सभा बैठकमै एमाले संसदीय दलका नेता तथा आर्थिक योजना मन्त्री जगन्नाथ थपलियाले राजीनामा बुझाउँदै मन्त्रीहरू बाहिरिएको जानकारी गराए । सरकारमा एमालेका चार जना मन्त्री थिए ।
यसैगरी नेकपा माओवादी केन्द्र गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्देशनअनुसार मुख्यमन्त्री खगराज अधिकारीलाई दिइएको समर्थन फिर्ता लिएको संसदीय दलका नेता हरिबहादुर चुमानले जानकारी दिए । एमालेका मुख्यमन्त्रीलाईमाओवादीलेदिएको समर्थन फिर्ता लिएसँगै गण्डकीमा कांग्रेसको नेतृत्वमा सरकार बन्नेछ । कांग्रेस संसदीय दलका नेता सुरेन्द्र पाण्डे मुख्यमन्त्री बन्ने सम्भावना छ। यद्यपि माओवादीले पनि आफ्नै नेतृत्वमा सरकार बनाउने तयारी भने जारी राखेको छ । ६० सदस्यीय प्रदेश सभामा कांग्रेसको २७, एमालेको २२, माओवादीको आठ र राप्रपाको दुई सिट छ ।

# महावाणिज्य दूतावासमा क्षयरोगबारे छलफल



मधेशदृष्टि
वीरगंज, १० चैत ।
आजादीका अमृत महोत्सव (भारत) र विश्व क्षयरोग दिवसको अवसरमा भारतीय महावाणिज्य दूतावास, वीरगंजले 'नेपाल र भारतको विशेष सन्दर्भमा दक्षिण पूर्व एसियामा क्षयरोगको प्रकोप' शीर्षकमा वाणिज्य दूतावास परिसरमा प्यानल छलफल गरेको छ ।
प्यानल छलफलमा नारायणी केन्द्रीय अस्पताल, वीरगंजका निर्देशक प्राडा प्रमोदकुमार सर्राफ, अर्थोपेडिक सर्जन डा. श्यामबाबु साह, बालरोग विशेषज्ञ डा. विकास शाह तथा एमडी डा. राजु जैसवाल सहभागी थिए । कार्यक्रममा वाणिज्य दूतावासका ३५ सदस्यको सहभागिता थियो । छलफलमा कन्सुल जनरल नितेश कुमारले भारत र विश्वमा क्षयरोगको व्यापकता र गम्भीरताबारेमा चर्चा गर्दै भारत सरकारको सन २०२५ सम्ममा क्षयरोग निर्मूल गर्ने लक्ष्य रहेको बताए । २०३० सम्ममा क्षयरोग उन्मूलन गर्ने विश्वव्यापी लक्ष्य नै छ ।छलफलमा प्यानलका डाक्टरहरूले गरिबी, कुपोषण, अस्वच्छता र अन्य सामाजिक-आर्थिक पिछडिएको क्षेत्रमा क्षयरोगको इतिहास, लक्षण, कारण, निदान, रोकथाम, उपचारबारे जानकारी गराएका थिए । क्षयरोग रोकथाम र निको पार्न सकिने रोग भए पनि विश्वभर संक्रमित बिरामीको १० देखि १५ प्रतिशतको मृत्यु हुने गरेकाले अझै खतरनाक रहेको उनीहरुले जानकारी दिए ।
प्यानल छलफलपछि प्रश्नोत्तर सत्रमा सहभागीहरूले प्यानेलिस्ट डाक्टरहरूबाट क्षयरोगको बारेमा आफ्ना शंका र प्रश्नहरू बारे जानकारी लिएका थिए ।

# २४५ विद्यार्थीलाई छात्रवृत्ति वितरण



गरुडा, १० चैत ।
रौतहटका फतुवा विजयपुर नगरपालिकास्थित श्री आधारभूत विद्यालय मेवामा अध्ययनरत्त दलित छात्रछात्रा र अन्य छात्रालाइ छात्रवृत्ति वितरण गरिएको छ ।
वडा नम्बर ३ का अध्यक्ष रामईश्वर राय यादवको अध्यक्षतामा भएको कार्यक्रममा २ सय ४५ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिको थियो । विद्यार्थीलाई २ सय ८५ रुपैयाँका दरले ७० हजार रुपैयाा वितरण गरिएको प्रधानाध्यापक प्रमोद साहले जानकारी दिए ।

# कक्षा ११ का छात्रालाई साइकल

मधेशदृष्टि
वीरगंज, १० चैत ।
पर्साको सखुवाप्रसौनी गाउँपालिकाले सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्यनरत छात्रालाई साइकल वितरण गरिएको छ । गाउँपालिकाले वडा नम्बर २ औराहा पन्चगाजास्थित दीपनारायण आदर्श नमूना माध्यमिक विद्यालयका कक्षा ११ मा अध्ययनरत ३७ छात्रालाई साइकल वितरण गरेको हो । विद्यालयमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष यशवन्त यादवले छात्रालाई साइकल हस्तान्तरण गरे । साइकल पाएपछि खुशी व्यक्त गर्दै कक्षा ११ मा अध्यनरत पर्सागढी नगरपालिका ९ की सीमा यादवले घरबाट पैदल हिँडेर विद्यालय आउन एक घण्टा लाग्ने गरेकामा अब विद्यालय आउन सहज हुने बताइन् ।
कार्यक्रममा गाउँपालिका उपाध्यक्ष शर्मिला बिष्ट, वडा नम्बर २ का वडाध्यक्ष चिरञ्जीवी महतो थारु, प्रधानाध्यापक शिवनाथ चौधरी, पालिकाका प्रशासन शाखाका अधिकृत अरविन्द ठाकुर र इलाका प्रहरी कार्यलय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामाजा केशरीको उपस्थिति थियो ।

# फिफा वरियतामा नेपालको तीन स्थान सुधार

मधेशदृष्टि
वीरगंज, १० चैत ।
फिफा महिला वरियतामा नेपालको तीन स्थान सुधार भएको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले शुक्रबार सार्वजनिक गरेको नयाँ वरियतामा नेपाल तीन स्थार सुधार गर्दै शीर्ष एकसयमा पर्न सफल भएको हो । यसअघि नेपाल १०३ औं वरियतामा थियो । एसियाली राष्ट्रहरुमध्ये नेपाल २० औं स्थानमा छ । गत फ्रेबुअरीमा नेपाली महिला टिमले भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो । पहिलो खेल २-२ को बराबरीमा सकिएको थियो भने दोस्रो खेल गोलरहित बराबरीमा सकिएको थियो । दक्षिण एसियाली राष्ट्रहरुमध्ये नेपाल भन्दा अघि रहेको भारत ६१ औं स्थानमा छ । साफ महिला च्याम्पियनसिपको उपाधि जितेको बंगलादेश १४० औं स्थानमा छ।
विश्व वरियतामा भने अमेरिका शीर्ष स्थानमा यथावत छ । जर्मनी दोस्रो, स्वीडेन, इंग्ल्यान्ड चौथो, फ्रान्स पाँचौं, क्यानडा छैठौं, स्पेन सातौं, नेदरल्यान्ड्स आठौं, ब्राजिल नवौं स्थानमा छ । एसियाली राष्ट्रमध्ये सबैभन्दा अगाडि रहेको अष्ट्रेलिया दुई स्थान सुधार गर्दै १० औं स्थानमा उक्लेको छ । अर्को एसियाली राष्ट्र जापान ११ औं स्थानमा यथावत छ ।

# एमालेमै फर्किए समाजवादीका ३१ नेता

मधेशदृष्टि
चन्द्रपुर, १० चैत ।
रौतहट क्षेत्र १ का प्रतिनिधिसभा सदस्य तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीका ३१ जना नेता नेकपा एमालेमै फर्किएका छन् । शुक्रबार पत्रकार सम्मेलन गरी उनीहरुले एकीकृत समाजवादीमा राजनीतिक भविष्य अन्धकार देखेपछि पुरानै घर एमालेमा फर्किएको बताए । एकीकृत समाजवादीका तर्फबाट चन्द्रपुर नगरपालिकाका नगर प्रमुखका प्रत्यासी बाबुराम दाहालले देश बनाउने अडान एमाले पार्टीमै रहेको र आफ्नो तनमन सबै एमालेमै रहेका कारणले पुरानै घर प्यारो लागेर फर्किएको बताए।
वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन र २०७९ मंसिर ४ गते भएको संघीय तथा प्रदेशसभाको निर्वाचनमा पार्टीका अध्यक्ष माधवकुमार नेपालको भूमिका देखेर नै उनीबाट पार्टी नचल्ने निष्कर्ष निकालेर पुरानो घर एमालेमा फर्किएको दाहालको भनाइ छ । फर्किनेहरुलाई एमालेका पोलिटब्युरो सदस्य तथा मधेश प्रदेशका सहइन्चार्ज पुरुषोतम पौडेलले स्वागत गरेका थिए ।

# बेसक्याम्पमा डिएसपी खटाइने

मधेशदृष्टि
वीरगंज, १० चैत ।
पर्साका ५ वटा सशस्त्र प्रहरीको बिओपी अर्थात बेसक्याम्पमा अब डिएसपी खटाइने भएको छ। विगतमा सशस्त्र प्रहरी निरीक्षक रहेको भिखमपुर, अलौ, लाहवरथकरी, सुवर्णपुर र पोखरीयामा डिएसपी आउने भएको. सशस्त्र प्रहरी स्रोतले जनाएको छ ।
सशस्त्र बेसक्याम्प अलौमा डिएसपी योगेश बराल, लहावरथकरीमा केशवराज ओली, भिखमपुरमा प्रमोद खडका, सुवर्णपुरमा गोविन्दकुमार खाती, पोखरियामा किरणप्रकाश खाती आउने भएका छन् ।

## बिमा अभिलेख हराएको सुचना

बिमित नाम- महेश साह
बिमा कम्पनी - एल.आई.सी. (नेपाल) लि.
पो. नं. - १७००८४९२५
स्थायी ठेगाना - जनकपुरधाम उ.म.न.पा.-१७
साविक गा.वि.स. कनकपट्टी-०४

# उपराष्ट्रपतिलाई भूमिकाहीन नबनाउँ



**– श्रीमन नारायण**

*भारतमा उपराष्ट्रपतिलाई संसदको माथिल्लो सदन 'राज्यसभा' को पदेन सभापति बनाइएको छ। उपराष्ट्रपतिलाई माथिल्लो सदनको सभापति बनाइएका कारण भारतका अनेकौं शीर्षस्थ नेता र भूतपूर्व प्रधानमन्त्रीसमेत राज्यसभा सदस्य बन्न अन्यथा मान्दैनन्। भारतको राज्यसभामा आआफ्नो क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेका महान व्यक्तित्वहरुलाई पनि प्रतिनिधित्व गराइन्छ। भारतमा तल्लो सदन लोकसभा होस् वा राज्यसभा दुवै सदनका सदस्यहरु समान हैसियतका मानिन्छन्। भारतको संसदीय व्यवस्थालाई बलियो बनाउन राज्यसभाका सभापति अर्थात देशको उपराष्ट्रपतिको भूमिका पनि निकै महत्वपूर्ण सावित हुँदै आएको छ।*

राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सम्पन्न भएको छ । नेपालको संविधानले राष्ट्रपतिलाई संविधान पालनकर्ता, प्रवर्द्धनकर्ता र देशको अभिभावकका रुपमा मर्यादित एवम् सर्वोच्च संवैधानिक पदमा स्थापित गरेको छ । राष्ट्रपति नेपाली सेनाको परमाधिपति पनि हुन् । राष्ट्रपतिलाई गणतन्त्रको पर्याय पनि मानिन्छ । तर नेपालको संविधानले उपराष्ट्रपतिलाई भने खासै भूमिका दिएको छैन । संविधानको धारा ६७ ले उपराष्ट्रपति पदको व्यवस्था गर्दै भनेको छ, 'राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रवाट गरिनेछ ।' यस अवस्थामा राष्ट्रपतिको अनुपस्थिति पनि विरलै हुने गरेका कारण उपराष्ट्रपतिको पद अर्थहीन त नभनौं भूमिकाहीन भएजस्तो लाग्दछ।

> “अधिकांश महत्वपूर्ण निर्णय र सहमति उच्चस्तरीय राजनीतिक संयन्त्रका नाममा ठूला होटल र रिसोर्टमा हुने गरेका छन् । संसदमा प्रस्तुतीकरण र प्रमाणीकरणमा मात्र हुने गरेको छ। संविधानसभाको हलमा सभासदहरु घन्टौं कुरेर बस्थे जबकि सहमतिको खिचडी होटलमा पाकिरहेको हुन्थ्यो। आफूलाई पहिचान र अधिकारका पक्षधार भएको दाबी गर्ने मधेशी दलहरु पद र मन्त्री पदका लागि पार्टी विभाजनमा ध्यान केन्द्रित गर्थे।

दक्षिणी छिमेकी भारतमा उपराष्ट्रपतिलाई संसदको माथिल्लो सदन 'राज्यसभा' को पदेन सभापति बनाइएको छ । उपराष्ट्रपतिलाई माथिल्लो सदनको सभापति बनाइएका कारण भारतका अनेकौं शीर्षस्थ नेता र भूतपूर्व प्रधानमन्त्रीसमेत राज्यसभा सदस्य बन्न अन्यथा मान्दैनन्। भारतको राज्यसभामा आआफ्नो क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेका महान व्यक्तित्वहरुलाई पनि प्रतिनिधित्व गराइन्छ । भारतमा तल्लो सदन लोकसभा होस् वा राज्यसभा दुवै सदनका सदस्यहरु समान हैसियतका मानिन्छन्। भारतको संसदीय व्यवस्थालाई बलियो बनाउन राज्यसभाका सभापति अर्थात देशको उपराष्ट्रपतिको भूमिका पनि निकै महत्वपूर्ण सावित हुँदै आएको छ। हाम्रो देशमा विगत तीनदशक भन्दा लामो समयदेखि संसदीय व्यवस्था अभ्यासमा छ तर देशका प्रमुख राजनीतिक दलहरु कथित राष्ट्रिय सहमति कायम गर्ने नाममा संसद छलेर कोठे राजनीतिलाई प्रधानता दिइरहन्छन् । प्रतिनिधिसभाको भूमिका सरकारको गठन-विघटनका नाममा जोडघटाउन गर्ने थलोका रुपमा मात्रै देखिएको छ। तसर्थ सरकार र संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक शक्तिहरुले उपराष्ट्रपतिलाई संसदको माथिल्लो सदनको पदेन अध्यक्ष बनाउनेतर्फ गम्भीरताका साथ प्रभावकारी विमर्श अघि बढाए यसले संसदीय व्यवस्थालाई बलियो बनाउने छ। साथै स्वस्थ एवम् सार्थक बहसको थलो बनाउन पनि सहयोगी सावित हुनेछ ।

उपराष्ट्रपतिलाई राष्ट्रियसभाको पदेन अध्यक्ष बनाउने व्यवस्था गर्न संविधानमा उपराष्ट्रपति सम्बन्धित व्यवस्थामा निजको कार्यभार थप्ने र अलग्गै राष्ट्रियसभा अध्यक्ष हुने प्रावधान हटाउनु पर्ने हुन्छ । यसका निम्ति संविधान संशोधन आवश्यक महसुस हुनेछ तर हाम्रो देशमा संवैधानिक पदहरुको बाँडफाँडसमेत लाभहानीका आधारमा नै गर्ने संस्कार विकसित भएको छ। यस्तोमा संसदीय व्यवस्था र लोकतन्त्र बलियो बनाउनेबारे चिन्तन, मनन र कार्य गर्ने फुर्सत कसैलाई पनि छैन। यसको सर्वाधिक पहल त नेपाली कांग्रेसले र मधेसवादी दलहरुले गर्नुपर्ने हो । वामपन्थी दलहरु त बाध्यतावश संसदीय व्यवस्था स्वीकार गरिरहेका छन् । देशमा जब वामपन्थी दलहरु एकजुट भएर सरकारको नेतृत्व आफ्नो हातमा लिन्छन् अनि त्यतिबेला नेपाली कांग्रेसलगायतका केही दलहरुलाई संसदीय व्यवस्था र लोकतन्त्रबारे चिन्ता हुन थाल्नेछ । तर जब उसले सरकारको नेतृत्व गरिरहेको हुन्छ अथवा प्रतिपक्षमै रहेको हुन्छ अनि संसदीय व्यवस्था बलियो बनाउने काम गरिरहेको हुँदैन । संसद सुचारु भए मात्रै देश र जनताका हितसँग सम्बन्धित विधेयक पारित गराउन सकिने छ । आज पनि अनेकौं महत्वपूर्ण विधेयक विचाराधीन अवस्थामा छन्। संवैधानिक परिषद्समेत राम्ररी काम गर्न सकिरहेको अवस्था छैन । विगत १५ वर्षमा हाम्रो देशको संसद शनैः शनै भारदारी सभाको रुपमा परिणत भइरहेको छ। संसदीय व्यस्था कमजोर भए लोकतन्त्र पनि बलियो हुन सक्दैन किनभने संसद नै लोकतन्त्रको प्राणवायु हो।

वि.सं. २०४८ देखि २०५९ सालको भदौ महिनासम्म देशको सर्वोच्च विधायिनी संस्था संसदमा निरन्तर छलफल, विमर्श र तर्कवितर्क हुने गर्दथ्यो । संसदीय समितिहरुमा व्यापक छलफल हुन्थ्यो । र, त्यसवाट सार्थक परिणाम पनि आउने गर्दथ्यो। नवनिर्वाचित सांसदहरु अनुभवी सांसदको सम्बोधनबाट केही सिक्ने गर्दथे । सचिवालयको पुस्तकालयमा पनि आएर सांसदहरु घन्टौं अध्ययन गर्दथे। तर आजका दिनमा ती सबै कुरा इतिहासका विषयबस्तु भइसके।

जनआन्दोलन-२ को सफलतापश्चात सहमतीय राजनीतिका नाममा संविधानसभा र संसदलाई बोधार्थ कार्यालयका रुपमा विकसित गर्ने काम भइरहेको छ । अधिकांश महत्वपूर्ण निर्णय र सहमति उच्चस्तरीय राजनीतिक संयन्त्रका नाममा ठूला होटल र रिसोर्टमा हुने गरेका छन् । संसदमा प्रस्तुतीकरण र प्रमाणीकरणमा मात्र हुने गरेको छ । संविधानसभाको हलमा सभासदहरु घन्टौं कुरेर बस्थे जबकि सहमतिको खिचडी होटलमा पाकिरहेको हुन्थ्यो । आफूलाई पहिचान र अधिकारका पक्षधार भएको दाबी गर्ने मधेशी दलहरु पद र मन्त्री पदका लागि पार्टी विभाजनमा ध्यान केन्द्रित गर्थे । माओवादीको प्राथमिकतामा पनि संविधान रहेन । पहिलो संविधानसभा विनाउपलब्धी र विना कुनै कारण विघटन भएको थियो । दोस्रो संविधानसभाको अवस्था पनि फरक रहेन । मधेशी दल, माओवादी र राप्रपा नेपालको सत्तालिप्सा हेर्दा त केतु प्रकारेण संविधान जारी हुन सकेकालाई नै उपलब्धी मान्नु पर्ने अवस्था आयो।

> “भारतको सर्वोच्च न्यायालयले प्रादेशिक सरकारलाई शक्तिशाली बनाउँदै संघीय सरकारले जथाभावी संविधानको धारा ३५६ प्रयोग गरी प्रादेशिक सरकारलाई अपदस्त गर्न नसक्ने भन्दै प्रादेशिक सरकारसित बहुमत रहेको अथवा नरहेको सम्बन्धित निर्णय गर्ने थलो प्रादेशिक सभालाई नै मानिने आदेश गऱ्यो। तर आधारभूत संरचनाको सवालमा सन १९९२ डिसेम्बरमा अयोध्याका बाबरी मस्जिदको विवादास्पद संरचना जोगाउन नसकेका कारण भारतीय, जनता पार्टी नेतृत्वको उत्तर प्रदेश, मध्ये प्रदेश र राजस्थान सरकारलाई बहुमत हुँदा पनि अपदस्त गरी धर्मनिरपेक्षताका लागि त्यो आवश्यक भएको निर्णय सर्वोच्च न्यायालयले गरेको थियो। यसमा भारतको सर्वोच्च न्यायालयले संविधानको आधारभूत संरचनालाई ऐतिहासिक सिद्धान्त घोषित गर्दै अंसशोधनीय भनेको थियो। आधारभूत संरचनाको यस निर्णयलाई पछि भारतको संविधानमा एउटा सिद्धान्तका रुपमा मान्यता प्राप्त भएको थियो।

वि.सं २०७४ सालमा भएको आमनिर्वाचनपश्चात अस्तित्वमा आएको संघीय संसद प्रतिनिधिसभालाई फेरि पनि बलियो बनाउने काम भएन। तीन वर्ष पनि बित्न नपाउदै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई-दुईपटक संसद विघटन गरी मध्यावधी चुनाव सिफारिस गरे। मधेस प्रदेशबाहेक कुनै पनि प्रादेशिक सरकारले राजनीतिक स्थायित्व पाउन सकेन। जनतामा प्रदेश र संघीयताको

*बाँकी पृष्ठ ६ मा*

## --- कविता ---

# आऊ, एक चिहान खनौं



**- उमा कार्की**

प्रारम्भ हो जिन्दगीका लागि
केवल एक भ्रुण
आफैँसित सङ्घर्ष गर्दै
महिनौँसम्म युद्धरत
जब आउँछ छालसँगै
खुला आकाशमुनि
बन्धन लेखाएरै हो कि ?
उम्रन थाल्छ, दुर्भाग्य
उसको ललाटमै
क्रोधित संस्कार छ
एकातिर विभेदित
वंशजको अधिकार
अर्कातिर लाचार
पिताको सत्ता
हरेक समय
एक-एक जीवन हार्छ यहाँ।

कलम थमाउन नभ्याउँदै
कलिला हातहरुमा बन्दी
बनाइनु कालकोठरीमा
कति पीडाबोध हुँदो हो
बन्धनका सिक्रीहरुले
कति चाहना अपहरण गर्दो हो

सुनिन्छ आज पनि
हराइन् रे
जस्ताघरे काकाकी सानी छोरी
अत्तालिन्छ मन
मकुन्डोधारी गाउँमा छिरेको
हिजो मात्रै त हो
ब्वाँसोजस्तै लोभी आँखा लगाउँदै
आँखामा परेपछि उसको सिकार

अचेल नानीहरु मात्र होइनन्
असुरक्षित हुँदा रहेछज्
यहाँ चेतनशील पनि

कतै युग परिवर्तनका नाममा
सिसमहल सिर्जना गरेर होला
किबोर्ड थिचेर औंलाहरुले
अस्मिता लुटिन्छ यहाँ छिनछिनमा
मीठो स्वर र मोहक दृश्यले
निर्वस्त्र पारिन्छ यहाँ पलपलमा
मख्ख पर्दापर्दै
काम र दामको स्वप्नमा
चाहना राख्दाराख्दै
प्रदर्शन र प्रयोगमा
छिन्न नसक्दा कालहरु
छिन्न नसक्दा जालहरु
छट्पटिँदै छन् अबोधहरु नरकमा

हेर्नू छ हरेक प्राप्तिका अन्धकारहरु
अनि उठ्नु छ हरेक सचेत
पाइलामा उन्मुक्तिहरु
गर्नु छ हातेमालो
समृद्ध संसारका निम्ति
स्वतन्त्र र स्वच्छ सन्ततिका निम्ति
आफ्नै आकांक्षा छिचोलेर
हृदयबाट
खन्नु छ चिहान,
काला मकुन्डाहरुका निम्ति।

हालः सिड्नी, अष्ट्रेलिया

# एक्लोपन

**- श्यामकुमार क्षेत्री मुस्कान**

सुनेर पनि नसुने जस्तो गर्ने आफ्नै पनको
गर्छेउ किन सधैँभरी स्वार्थ आफ्नो मनको
रुँदै बसेँ म हुँदा पीडा आँसुले बगाइ मनको
तिमी भएर नि नभए झैँ छु सधैँ एक्लोपनको

स्वार्थी रहेछौ तिमी मूल्य छैन मानवीय गुणको
भन्दैछौ हिसाबकिताब हुन्छ गर्छु सम्मान कुनको
कठोर बन्दै गयौ हिजोआज गर्ने कुरा मात्र धनको
तिमी भएर नि नभए झैँ छु सधैँ एक्लोपनको

धन्न रहेछ ती हरेक पीडा खप्नसक्ने मेरो छाती
बसिरहेको छु सहदै जिन्दगीमा तिम्रा अन्याय माथि
सोध्थे मैले नि एक्दिन खुसी ल्याउन सकुला जनको
तिमी भएर नि नभए झैँ छु सधै एक्लोपनको

मेरा आँसु खसि शीत बन्यो ती मोति जस्तै पातहरुमा
मैले तिम्रै कल्पना गरिबस्दछु यहाँ एक्लो रातहरुमा
अझै कति दिनसम्म गर्छेउ घमण्ड तिमीले ती मनको
तिमी भएर नि नभए झैँ छु सधैँ एक्लोपनको

सधैँभरी यहाँ तिमीले दिएका दुखिरह्यो चोट घाउको
के छ विचार के गर्ने हौ अझै खेल्दैछौ झुटोमा दाउको
सम्बन्ध भएन हिजोआज यहाँ भनेको जस्तो तनको
तिमी भएर नि नभए झैँ छु सधैँ एक्लोपनको

-हालः भारत

## --- गजल ---

- प्रकाश धानुक

प्रिया भएपछि मन पानी पानी डुब्यो
यो जिन्दगानी नडुबोस् भन्दानि डुब्यो

दुःख मलाइ यत्ति कुराको लागेको छ
हेर मलाइ डुबाउन तिम्रो लगानी डुब्यो

मेरो यो मुटुले हो केही गर्न नसकेको
प्रेमले त मुटुमा पुऱ्याइ नोक्सानी डुब्यो

के गर्नु मेरो चोखो प्रेमको अध्याय पनि
तिम्रो त्यो घातक प्रेम जानिजानी डुब्यो

तिमीले मुटुबाट प्रेम उतारेको दिनदेखि
आँखामा आसुले आँखाको नानी डुब्यो

## कथा

# निष्पक्षताको प्रयोग

- लेखकः बेयार्ड रस्टिन, अमेरिका
नेपाली अनुवादः सुभाष चन्द्र

(बेयार्ड रस्टिन एक अफ्रिकी 'अमेरिकी नागरिक अगुवा थिए । उनले सुरूमा सन १९४० र १९५० को दशकमा फेलोसिप अफ रिकन्सिलिएसन संस्था मार्फत र पछि नागरिक अधिकार आन्दोलन मार्फत उत्तर अमेरिकामा सबैका लागि समान अधिकार स्थापनाका निम्ति काम गरे । यो कथा लेखिएको समयमा मान्छेहरूलाई छालाको रंगअनुसार बोलाइनु सामान्य थियो ।)

मध्यपश्चिम क्याम्पसमा मन्तव्य दिन जानु अघि म एक गिलास दूध र एउटा पाउरोटी किन्न भनेर सहरको एउटा सानो रेष्टुरेण्टमा छिरेँ । रेष्टुरेन्टमा मलाई बेवास्ता गरिँदैछ भन्ने थाहा पाउनु निकैबेर अघिदेखि म बसेको थिइनँ, उभिरहेकै थिएँ ।

करिब दशमिनेट पर्खिसकेपछि मलाई लाग्यो, 'अब यहाँ द्वन्द्व, लफडा हुने नै भो ।' म एउटा कुनातिर गएँ, एकजना वेट्रेसका सामुन्ने उभिएँ ता कि उनले मलाई बेवास्ता गर्न नसकुन्, अनि भनेँ, 'म एउटा पाउरोटी किन आएको, दिनुस् ।'

'माफ गर्नुहोला,' उनले भनिन्, 'हामी यहाँ तपाईंलाई 'अँ' गोरो छाला भएकाबाहेक अरू रंगका मानिसलाई सेवा दिन सक्दैनौं ।'

'यहाँको जिम्मेवार व्यक्ति को हो,' मैले उनलाई सोधेँ ।

उनले मलाई दुई कुराको संकेत दिइन्, 'पहिलो, अलि पछाडि उभिएकी एउटी महिलातिर देखाइन् र दोस्रो, आफ्नो चोरी औँलो ओठ अगाडि लगेर ठाडो पारिन् ।' दोस्रो संकेतको स्पष्ट आसय उनलाई यो द्वन्द्वमा कुनै हालतमा नमिसाउनु भन्ने थियो ।

म सरासर रेष्टुरेन्टको पछिल्तिर कफी बनाउने ठाउँ नजिकै उभिएकी महिलातिर लम्किएँ ।

'यो रेष्टुरेन्टमा मलाई सेवा दिन किन सम्भव छैन, म थाहा पाउन चाहन्छु,' मैले उनलाई सोधेँ ।

'ए', 'अँ', उनको बोली लरबरियो । 'किनभने 'अँ' किनभने हामी यो सहरमा त्यसो गर्दैनौं । यहाँको कुनै पनि रेष्टुरेन्टले गोराबाहेक अरू रंगका मानिसहरूलाई सेवा दिँदैनन् ।'

'ठिक छ, तर किन ? त्यसो गर्दा तपाईंका अरू ग्राहक बिच्किन्छन् भन्ने कुरामा तपाईंलाई विश्वास लाग्छ ?'

अनि मैले उनलाई प्रजातन्त्रिक अभ्यासका रूपमा एउटा प्रयोग गर्न आग्रह गरेँ ।

केही असहज मान्दै उनी यसो गर्न सहमत भइन् र दश मिनेटसम्म म रेष्टुरेन्टको अग्रभागको कुर्सीमा बस्नेछु र त्यसबेला म मेरो पाउरोटी खाने छैन । म त्यहाँ बसेका कारण कतिजना ग्राहक रेष्टुरेन्टबाट उठेर हिँडे वा भित्र छिरेनन् भनेर हामी दुवैले गन्नेछौँ । यदि एकजना त्यस्तो मान्छे देखियो भने म त्यहाँबाट उठेर हिँड्नेछु ।

तर एकजना पनि त्यस्तो मान्छे देखेनौ भने म मेरो पाउरोटी खान थाल्नेछु ।

मैले पन्ध्र मिनेट पर्खिएँ । त्यसपछि उनी म बसे ठाउँ आइन्, चिसो भइसकेको मेरो पाउरोटी उठाइज् र त्यसको सट्टा तताएको पाउरोटी प्लेटमा राखिदिइज्, अनि सहज भावमा सोधिन्, 'योसँग पिउने कुरा के लिनुहुन्छ ?'

त्यो सहरमा बस्ने काला र गोरा दुवै रंगका मानिसले मलाई बताएअनुसार यो घटनापछि श्रीमती डफी आफ्नो रेष्टुरेन्टमा कुनै द्वन्द्व नमच्चाई वा लाज नमानी काला मानिसहरूलाई सेवा दिइरहेकी छन्, जुन यस्तो भेदभावयुक्त वातावरणमा वास्तवमै एउटा साहसको कुरा हो ।

# सर्जकहरुमा अनुरोध

हरेक शनिबार मधेशदृष्टि दैनिकमा साहित्यिक सिर्जना प्रकाशन हुने भएकाले यहाँले साहित्यिक लेख, समीक्षाका अलावा साहित्यिक विधाका आफ्ना रचना, सिर्जना पठाउनुहुन अनुरोध गर्दछौँ । हामीलाई पठाइएका रचना कम्तीमा ४ सातासम्म अन्य सञ्चारमाध्यममा नदिन पनि अनुरोध गर्दछौँ । रचनाका साथमा लेखकको तस्बिर, सम्पर्क नम्बर र रचना सुहाउँदो तस्बिर या स्केच पनि पठाउनु हुन अपिल गर्दछौँ । हाम्रो इमेल ठेगानाः madheshdristi@gmail.com

# हिमाल–पहाड खाली, तराईमा बढ्यो जनघनत्व




काठमाडौँ, १० चैत ।
संविधानले महिलालाई अधिकार सम्पन्न बनाएपछि सम्पत्तिमा समेत उनीहरुको स्वामित्व क्रमशः वृद्धि हुँदै गएको पाइएको छ ।
राष्ट्रिय जनगणना २०७८ को विवरणअनुसार २३ दशमलव आठ प्रतिशत परिवारमा महिलाको नाममा घर जग्गा रहेको पाइएको छ । जुन २०६८ को तुलनामा एक दशमलव एक प्रतिशतले बढी हो । देशभर ६६ लाख ६६ हजार नौ सय ३७ परिवार छन् । आवासीय घर भने ६६ लाख ६० हजार आठ सय ४१ छ । त्यसमध्ये घर तथा आवासीय इकाइको स्वामित्वमा समेत महिलाको सहभागितामा वृद्धि भएको छ । ३१ दशमलव ५५ प्रतिशत परिवारमा परिवारमूली महिला छन् । जुन, २०६८ को तुलनामा पाँच दशमलव ८२ प्रतिशत बढी हो । दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसङ्ख्यामा महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ छ । त्यस्तै, एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ पुरुष छन् । लैङ्गिक अनुपातमा हेर्दा एक सय जना महिलामा पुरुषको सङ्ख्या ९५ दशमलव ५९ छ । २०६८ को जनसंख्या दुई करोड ६४ लाख ९४ हजार पाँच सय चार रहँदा त्यस्तो लैङ्गिक अनुपात ९४ दशमलव १६ थियो ।

तराईमा बढ्यो चाप

जनगणनाको विवरणअनुसार हिमाली तथा पहाडी क्षेत्रमा जनघनत्व क्रमशः कम हुँदै गएको पाइएको छ । तराईमा प्रतिवर्गकिलोमिटर चार सय ६० बराबरको जनघनत्व रहँदा हिमाली क्षेत्रमा ३४ प्रतिवर्गकिलोमिटर रहेको छ । मनाङमा प्रतिवर्गकिलोमिटर तीनजना बराबरको मात्रै जनघनत्व छ । काठमाडौँ उपत्यकामा प्रतिवर्गकिलोमिटर पाँच हजार एक सय ६९ बराबरको जनघनत्व छ ।
सबैभन्दा बढी जनसंख्या काठमाडौँमा २० लाख ४१ हजार पाँच सय ८७ छ । मनाङमा पाँच हजार छ सय ५८ जनाको अक्सर बसोबास छ । मोरङ, रुपन्देही, झापा र सुनसरीमा सबैभन्दा बढी जनसंख्याको चाप परेको छ । यस्तै, मुस्ताङ, डोल्पा, रसुवा, हुम्लामा भने जनसङ्ख्या कम छ । तराईमा कूल जनसंख्याको ५३ दशमलव ६१ प्रतिशत छ । त्यो भनेको तराई क्षेत्रमा मात्रै एक करोड ५६ लाख ३४ हजार छ जनाको बसोबास हो । पहाडमा ४० दशमलव ३१ प्रतिशत अर्थात् एक करोड १७ लाख ५७ हजार छ सय २४ बराबरको बसोबास छ । हिमाली क्षेत्रमा छ दशमलव शून्य आठ प्रतिशत अर्थात् १७ लाख ७२ हजार नौ सय ४८ को बसोबास छ ।
दश वर्षपहिले तराईमा ५० दशमलव २७ प्रतिशत, पहाडमा ४३ दशमलव शून्य एक प्रतिशत र हिमाली क्षेत्रमा छ दशमलव ७३ प्रतिशत जनसङ्ख्याको बसोबास थियो । अक्सर हाल बसोबास गरिरहेका गाउँपालिका र नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै बसाबोस नगरेका व्यक्ति ६८ प्रतिशत छन् । जनसंख्याको १० दशमलव आठ प्रतिशत व्यक्तिले यसअघि बसोबास गरेको स्थानबाट अर्को गाउँपालिका वा नगरपालिकामा बसाइँसराइ गरेका छन् । १८ दशमलव दुई प्रतिशत जनसङ्ख्या अर्को जिल्लामा र तीन दशमलव एक प्रतिशत बराबर जनसङ्ख्या भने विदेश पलायन भएको छ । ९३ लाख ४१ हजार चार सय आठजनाले बसाइँसराइ गरेको पाइएको छ । यसअघिको बसोबास गरेको स्थानबाट बसाइँसराइ गर्नुको खास कारण भने काम रोजगारी, व्यापार-व्यवसाय, अध्ययन, तालिम, आश्रित, प्राकृतिक प्रकोप, कृषिलगायत छन् ।

परम्परागत ऊर्जामा नै आश्रित

सरकारले स्वच्छ ऊर्जाको विकास र विस्तारमा जोड दिएको भए पनि खाना पकाउन अझै पनि परम्परागत ऊर्जामा निर्धर रहने जनसख्याको हिस्सा ठूलो छ । देशका कूल परिवारमध्ये आधाभन्दा बढी अर्थात् ५१ प्रतिशत परिवारले खाना पकाउन काठदाउरा प्रयोग गर्ने गरेका छन् । खान पकाउन एलपी ग्यासका प्रयोग गर्नेहरु ४४ दशमलव तीन प्रतिशत बराबर छन् । बिजुलीको प्रयोग गर्ने शून्य दशमलव पाँच, गुइँठा प्रयोग गर्ने दुई दशमलव नौ, बायोग्यास प्रयोग गर्ने एक दशमलव दुई, मट्टीतेल प्रयोग गर्ने शून्य दशमलव शून्य पाँच र अन्य इन्धनको प्रयोग गर्नेहरु शून्य दशमलव एक प्रतिशत बराबर छन् । दश वर्षपहिले ६४ प्रतिशतले खाना पकाउन अक्सर दाउराको प्रयोग गर्ने गरेका थिए । यसमा केही कमी आए पनि अझै परम्परागत ऊर्जामा आश्रित हुनेको सङ्ख्या आधारभन्दा बढी छ ।

बिजुली विस्तारमा फड्को

सबै घरपरिवारमा बिजुली पुऱ्याउने सरकारको लक्ष्य क्रमशः पूरा हुने चरणमा पुगेको छ । कूल ९२ दशमलव दुई प्रतिशत घरपरिवारमा बत्ती बाल्नका लागि बिजुलीको प्रयोग भएको पाइएको छ । आफू बसोबास गरेको घर तथा आवासीय इकाइमा बत्ती बाल्न मानिसले बिजुली प्रयोग गरेका छन् ।
दश वर्षपहिले बिजुली प्रयोग गर्ने परिवार मात्रै ६७ दशमलव तीन प्रतिशत मात्रै थिए । बत्ती बाल्न सोलार, सौर्य ऊर्जा प्रयोग गर्ने परिवार छ दशमलव छ प्रतिशत छन् । यस आधारमा हेर्दा स्वच्छ ऊर्जाको पहुँच ९८ दशमलव आठ प्रतिशत बराबर हुन पुगेको । मट्टीतेल र अन्य इन्धन प्रयोग गर्ने परिवार एक प्रतिशतभन्दा कम रहेको छ ।रासस

# हेटौँडा सिमेन्टको उत्पादन बन्द




बागमती, १० चैत ।
सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगले शुक्रबारदेखि उत्पादन बन्द गरेको छ ।
सिमेन्ट उत्पादनका लागि आगो बाल्ने मेसिन (भट्टी)मा प्राविधिक समस्या आएपछि उद्योग उत्पादन बन्द भएको व्यवस्थापनले जनाएको छ । मेसिन मर्मत प्रक्रिया सुरु भएको र आगामी एक हप्तामा मर्मत भई पुनःसञ्चालनमा आउने नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । उद्योगको मेसिन तथा उपकरण धेरै पुरानो भएकाले बिग्रिने र प्राविधिक समस्या आउने गरेको उनको भनाइ छ ।विगतमा उद्योगका लागि चाहिने कोइलाको समस्या थियो तर हाल कोइलाको समस्या नरहेको बताउँदै उनले बोलपत्र आह्वानमार्फत बाह्य मुलुकबाट कोइला आयात भइरहेको जानकारी दिए ।
उद्योगमा दैनिक एक सय १० टन कोइला खपत भइरहेको छ । साथै हेटौँडा सिमेन्ट उद्योगमा गोदाममा रहेको सिमेन्टको प्याकिङ गर्ने तथा बिक्रीवितरण गर्ने काम भइरहको उद्योग व्यवस्थापनले जनाएको छ । उद्योगबाट दैनिक करिब १४ हजार बोरा सिमेन्ट उत्पादन भइरहेको छ ।
उद्योगका लागि पर्याप्त मात्रामा चुनढुङ्गाको मौज्दात रहेको बताइएको छ । सरकारद्वारा २०३२ सालमा स्थापना भएको उद्योगले २०४३ सालदेखि व्यावसायिकरुपमा सिमेन्टको उत्पादन सुरु गरेको थियो । उद्योगमा तीन सय जनशक्ति कार्यरत छन् ।

# सुपारी र कुखुराको अवैध आयात रोक्न माग



झापा, १० चैत । अवैधरुपमा भारतबाट भित्रिने कुखुरा र तेस्रो मुलुकबाट आयातित सुपारीले स्वदेशी उत्पादनको बजार धराशायी बनाएको स्थानीय व्यवसायीले बताएका छन् ।
जिल्ला कुखुरा व्यवसायी सङ्घ झापाका अध्यक्ष विवेक निरौलाले खुकुलो सीमाको फाइदा उठाउँदै भारतबाट अवैध ढङ्गले भित्रिरहेको कुखुरा, मासु र अण्डा नरोक्ने हो भने स्वदेशी पोल्ट्री व्यवसाय बन्द हुने र फार्म सञ्चालक ऋण तिर्न नसकिने बताए । उनका अनुसार झापाका एक सय ४४ किलोमिटर सीमा क्षेत्रबाट दैनिक चार हजार किलोभन्दा बढी मासु, जिउँदो कुखुरा र अण्डा अवैधरुपमा भित्रिरहेको छ । यसबाट वार्षिक ५० करोड रुपैयाँ भन्दा बढी रकम अनाधिकृत ढङ्गले विदेश गइरहेको छ ।
'दुई खर्बभन्दा बढी लगानी र कूल गार्हस्थ्य उत्पादनमा चार प्रतिशत योगदान दिइरहेको पोल्ट्री व्यवसायबाट लाखौँले रोजगारी पाइरहेका छन,' निरौलाले भने, 'आत्मनिर्भर एउटा मात्र कृषि उद्योगको रुपमा रहेको यसलाई जोगाउन अवैध आयात कडाइका साथ रोक्न राज्यले सहयोगी भूमिका निर्वाह गर्नुपर्छ ।'
मुलुकमै सबैभन्दा धेरै सुपारी उत्पादन हुने जिल्लाको पहिचान बनाएको झापामा तेस्रो मुलुकबाट आयातित सुपारीका कारण स्वदेशी सुपारीले बजार र उचित मूल्य पाउन नसकेको व्यवसायीको गुनासो छ । सुपारी कृषक नीलकण्ठ तिवारीले विदेशबाट डलरमा किनेर भारतमा तस्करी गर्ने उद्देश्यले सुपारीको आयात गर्न कार्य तत्काल रोक्न माग गरे ।
विदेशी सुपारीका व्यापारीले स्थानीय किसानले उत्पादन गरेको सुपारीले निर्यातको कोटा हडपेको आरोप लगाए ।
'किसानले बाहुनडाँगीमा फलाएको स्थानीय सुपारी काँकरभिट्टामा बेच्न ल्याउँदा प्रहरीले पक्रिएर दुःख दिने गरेको छ,' उनले स्थानीय सुपारीको व्यापारमा सरकार नरम हुनुपर्ने माग गर्दै भने, 'स्वदेशकै उत्पादनले पुग्दो छ भने किन विदेशबाट सुपारी आयात गर्ने ?' नेपालमा १५ हजार मेट्रिक टन सुपारी उत्पादन हुने गरेको र सिङ्गापुरलगायतका तेस्रो मुलुकबाट २५ हजार मेट्रिक टन सुपारी आयात हुने गरेको उनले बताए ।
तेस्रो मुलुकबाट डलर खर्चेर हुने गरेको आयातलाई उहाँले 'सुन दिएर घुन ल्याउने गरेको' टिप्पणी गरे । कोशी प्रदेशका प्रदेशसभा सदस्य गोपाल तामाङले सीमित व्यापारीको सुपारी र मासुको धन्धाले गर्दा हजारौँ किसानको स्वदेशी उत्पादन बर्बाद हुने अवस्था आउन नदिन राज्यले बेलैमा सोच्नुपर्ने धारणा व्यक्त गरे । मेची मासु उत्पादक सहकारी संस्थाका अध्यक्ष भगीरथ राईले केही धन्दावालले भारतबाट मरेका कुखुरासमेत लुकीछिपी ल्याएर सीमावर्ती बजारमा बेच्ने गरेको उल्लेख गर्दै यसबाट वैधानिक र स्वच्छ व्यवसाय गर्ने बदनाम भइरहेको बताए ।
खुला सीमाका कारण सीमित सुरक्षाकर्मीले मात्र सीमामा हुने अवैध धन्दा निमिट्यान्न बनाउन सम्भव नहुने प्रहरी उपरीक्षक दुर्गा रेग्मीको भनाइ छ ।
सचेत नागरिक, व्यवसायी र जनप्रतिनिधिबाट रचनात्मक सहयोगको खाँचो रहेको उनी बताउछन् । प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले कुखुराको मासु, अण्डा र जिउँदो कुखुरा भारतबाट आयात गर्न प्रतिबन्ध रहेकाले त्यस्तो कार्यमा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याइने बताए ।

# भित्तेपात्रो स्वीकृति लिनेको भिड

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पञ्चाङ्ग निर्णायक समिति
सेतोपुल, घट्टेकुलो, काठमाडौँ, नेपाल

काठमाडौँ, १० चैत ।
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यालय नारायणहिटी दरबार क्षेत्रमा नयाँ वर्ष २०८० को भित्तेपात्रोको स्वीकृति लिनेको भीड बढ्न थालेको छ ।
समितिको स्वीकृति नलिई प्रकाशन गरिने भित्तेपात्रो (क्यालेन्डर) र पात्रो (पञ्चाङ्ग) का सञ्चालकलाई १० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म कारबाही गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समितिको आन्तरिक दिग्दर्शन, २०७९ स्वीकृत गरेपछि स्वीकृति लिनेको भिड लागेको हो ।
विधिसम्मतरूपमा प्रकाशन नहुने भित्तेपात्रो र पात्रोका सञ्चालकलाई कानुनी कारबाही गर्ने निर्णय समितिले गरेको छ । समितिको निर्णयपछि हालसम्म तीन सयभन्दा बढी भित्तेपात्रोले स्वीकृति लिएको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । स्वीकृतिका लागि कार्यालयमा आउनेभन्दा अनलाइनबाट फारम भर्नेको संख्या धेरै छ ।
मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरी नेपाल राज्यभरबाट प्रकाशन हुने पात्रो र भित्तेपात्रोको स्वीकृति दिने अधिकार समितिलाई दिएको थियो ।
गठन आदेश सरकारले २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशन गरेको थियो । समितिको स्वीकृति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अनुगमन गर्न मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव डा सुरेशसुरस श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय केन्द्रीय अनुगमन समिति गठन गरिएको छ । समितिमा गृह मन्त्रालय, संस्कृति मन्त्रालय, समिति र पञ्चाङ्गकारका तर्फबाट प्रतिनिधिको प्रतिनिधित्व छ ।
समितिले आवश्यकतानुसार उपसमिति पनि गठन गर्न सक्ने व्यवस्था दिग्दर्शनमा गरिएको छ । दिग्दर्शनमा विद्युतीय पात्रो र भित्तेपात्रोले पनि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । अनुगमनका क्रममा स्वीकृति नलिएको पाइएमा कानुनअनुसार विद्युतीय पात्रो र भित्तेपात्रोलाई पनि कारबाही गरिने समितिका कार्यकारी निर्देशक ढुङ्गेलले बताए । अनुगमन समितिले अनधिकृतरूपमा ७७ जिल्लाबाटै प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अध्ययन गरी सूचना सङ्कलन गर्ने भएको छ । यसका लागि संस्कृति मन्त्रालयले गृह मन्त्रालयमार्फत ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिपत्र गर्ने तयारी गरेको छ ।
समितिको स्वीकृति लिएर १५ वटा पात्रो भने गत माघमै प्रकाशन भइसकेका छन् । पात्रो प्रकाशन भएपछि त्यसलाई सारेर भित्तेपात्रो निकाल्ने तर समिति र आधिकारिक पञ्चाङ्गकारसँग समन्वय नगर्ने गरेकाले सरकारले गठन आदेश जारी गरी स्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो ।

# अनुभव नहुनेले अनलाइन चलाउँदा चुनौती

काठमाडौँ, १० चैत । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले अनलाइन सञ्चारमाध्यममा समाचारलाई विश्वसनीय र सन्तुलित बनाउन पत्रकार आचारसंहिता कार्यान्वन गर्नुपर्ने बताएका छन् ।
काउन्सिलले नियमितरूपमा सञ्चालन गर्दै आएको अभिमुखीकरणको २२औँ शृंखलामा उनले नयाँ दर्ता भएका अनलाइन सञ्चारमाध्यमका सञ्चालक र सम्पादकलाई विश्वसनीय, सन्तुलित र खोजमूलक समाचार सामग्री प्रकाशन गर्न सुझाव दिए । उनले भने, 'अनलाइन सञ्चारमाध्यम विश्वसनीय र सन्तुलित बन्न सकेका छैनन् । अनलाइन सञ्चारमाध्यमको संख्या वृद्धि भएको छ । तर स्रोत, साधन र व्यवस्थापनमा अभाव कायम छ ।'
अध्यक्ष बस्नेतका अनुसार पत्रकारिता अध्ययन गरेका भन्दा बाहिरका व्यक्ति आमसञ्चारमाध्यमको सञ्चालनमा आबद्ध हुने क्रम बढेको छ । त्यसकारण पनि पत्रकार आचारसंहिता र निर्देशिकासम्बन्धी अभिमुखीकरण कार्यक्रम आवश्यक भएको उनको भनाइ छ । 'परिचयपत्र पाइन्छ, ज्याकेट लगाउन पाइन्छ, पहुँच बन्छ भन्ने हिसाबले पनि सञ्चारमाध्यम दर्ता गर्नेको भीड देखिन्छ । त्यस्ता सञ्चारमाध्यमका सञ्चालक सुरुमा धेरै उत्साही हुने तर काम गर्दै जाँदा झारा टार्ने प्रवृत्ति र हुबहु सार्ने प्रवृत्ति देखिएको छ,' उनले भने ।
उनले गुणस्तरीय पत्रकारिता गर्न सहभागीलाई सुझाव दिए । आचारसंहिता अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक पत्रकार सुरेशप्रसाद आचार्यले पत्रकारिता अनुभव नभएका व्यक्तिलाई अनलाइन सञ्चारमाध्यम सञ्चालन चुनौतीपूर्ण भएको बताए ।
'उनका अनुसार पछिल्लो समय सामाजिक सञ्जालमा हरकोही पत्रकारजस्ता देखिन्छन् । तर आमसञ्चारमाध्यममा आउने जो-कोही पत्रकार होइनन् । 'अरुभन्दा फरक हुन्, जिम्मेवार, तथ्यपरक र खोजमूलक समाचारका लागि आउने हो,' उनले भने । आचार्यले आमसञ्चारमाध्यमको पहुँचको प्रलोभनमा अनलाइन सञ्चारमाध्यम सञ्चालन नगर्न आग्रहसमेत गरे । प्रवक्ता दीपक खनालले आचारसंहिता अभिमुखीकरण कार्यक्रमले एक वर्ष पूरा गरेको जानकारी दिए । २०७८ चैत ११ गतेदेखि सुरु भएको अभिमुखीकरण कार्यक्रममा विभिन्न छ सय ७१ अनलाइन सञ्चारमाध्यमका एक हजार ४० जना सहभागिता जनाएका छन् ।
उनले भने, 'अनलाइन सञ्चारमाध्यमको संख्या तीन हजार बढी पुगेको छ । आचारसंहिता उल्लङ्घनको उजुरी र गुनासा पनि यही सञ्चारमाध्यमको धेरै छ । नयाँ दर्ता भएका अनलाइन सञ्चारमाध्यमलाई अभिमुखीकरण दिइरहेका छौँ ।'
अभिमुखीकरणका लागि काउन्सिलले सञ्चारमाध्यमबाट रकम सङ्कलन गर्ने गरेको छ । सीमित स्रोत साधनका बाबजुद अभिमुखीकरण कार्यक्रमको सकारात्मक प्रतिक्रिया आउने गरेको उनले बताए । 'विभिन्न आमसञ्चारमाध्यमको अनुभव भएका पत्रकार केही प्रतिशत हुनुहुन्छ ।
अन्य क्षेत्रमा संलग्नको आकर्षण बढी देखिन्छ । पत्रकारिताबारे कम अनुभव र कम जानकार सञ्चालकका लागि यस कार्यक्रम प्रभावकारी भएको पाएका छौँ । सहभागीहरूबाट सकारात्मक प्रतिक्रिया पाएका छौँ,' उनले भने ।

# टेलिफोन महसुल घटाउन भारत सकारात्मक

काठमाडौँ, १० चैत । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भारतबाट नेपालमा टेलिफोन गर्दा लाग्ने शुल्क घटाउन भारत सकारात्मक रहेको बताएकी छन् । चारदिने भारत भ्रमण सम्पन्न गरी स्वदेश फर्कने क्रममा आज त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले यस्तो बताएकी हुन् ।
उनले भारतमा बस्ने र यहाँबाट भारत जाने नेपालीले भोग्दै आएका समस्या समाधान गर्न आफूले छलफल गरेको बताइन् । 'विभिन्न सन्दर्भमा भारतमा ठूलो संख्यामा नेपालीको बसोबास रहेको छ, नेपालबाट भारतमा टेलिफोन गर्दा शुल्क कम छ, तर भारतबाट नेपालमा टेलिफोन गर्दा शुल्क महँगो छ,' उनले भनिन्, 'यो विषयलाई हामीले गम्भीतापूर्वक उठाएका छौँ ।' भेटमा आफूले नेपालको भन्दा कम दर नभए पनि कमसे कम 'रेसिप्रोकल' ढङ्गबाट भारतले नेपालमा कल गर्दा लाग्ने शुल्कमा घटाइदिन आग्रह गरेको बताइन् । 'उनीहरूले त्यो विषयलाई सकारात्मक लिएको छ', मन्त्री शर्माले भनिन् । भारतमा गएका नेपालीले मोबाइलको सीम कार्ड लिन समस्या भोग्नुपरेको अवस्थालाई समाधान गर्न आफूले आग्रह गरेको उनले बताइन् ।
'भारतका सञ्चार राज्यमन्त्रीसँग द्विपक्षीय भेटवार्ता भयो, भेटमा हामीले ब्यान्डविथ अन्य नाकाबाट भित्र्याउन र अप्टिकल फाइबरको पहुँच समुद्रसम्म गरिदिन आग्रह गर्‍यौँ,' उनले भनिन् । समुद्रसम्म अप्टिकल फाइबरको पहुँच स्थापित हुँदा नेपालमा इन्टरनेटको शुल्क कम हुने उनको भनाइ छ । अहिले भारतको सुनौली नाकाबाट मात्र ब्यान्डविथ भित्रिरहेको छ ।
भारतीय च्यानल निर्बाधरूपमा नेपालमा चलिरहेको तर नेपाली च्यानल भारतमा हेर्न समस्या भइरहेकातर्फ पनि आफूले ध्यानाकर्षण गराएको उनको भनाइ छ । 'भारतमा नेपालीको ठूलो सङ्ख्या भइरहेकाले नेपाली टेलिभिजन च्यानल भारतमा हेर्न सक्ने वातावरण मिलाउने विषयमा पनि छलफल गरेका छौँ,' उनले भनिन् ।
मन्त्री शर्माले रेडियो नेपाल र प्रसार भारतीबीच कार्यक्रम आदानप्रदान गर्ने यसअघिको सहमतिलाई कार्यान्वयन गरेर जाने समझदारी भएको जानकारी दिइन् । मन्त्री शर्मा इन्टरनेशनल टेलिकम युनियन (आइटियु) को क्षेत्रीय कार्यालय स्थापनासम्बन्धी कार्यक्रममा सहभागी हुन चैत ७ गते भारत प्रस्थान गरेकी थिइन् ।

# ‘नगर सफा राख्न घरदेखि नै सहयोग जरुरी’




मधेशदृष्टि
जनकपुरधाम, १० चैत ।
स्वस्थ, स्वच्छ र सफा जनकपुरधामका लागि हरेक नागरिकले मनदेखि नै प्रतिबद्ध भएर सहयोग गर्न सरोकारवालाले आग्रह गरेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय धनुषाको नेतृत्वमा हरेक शुक्रबार साप्ताहिकरूपमा भइरहेको बृहत् सरसफाइ कार्यक्रमअन्तर्गत छैटौं हप्ताको सरसफाइ अभियानका क्रममा सरोकारवालाले नागरिक स्तरबाटै सहयोग अपरिहार्य रहेको बताए । जनकपुरधाम उपमहानगपालिका प्रमुख मनोजकुमार साहले नगर सफा राख्न घर, पसल तथा कार्यस्थलबाट निस्कने फोहर जथाभावी नफाल्न नागरिकलाई सजग र सचेत गराउने उद्देश्यले उच्चपदस्त सरकारी कर्मचारीदेखि जनप्रतिनिधि सफाइ अभियानमा जुटेको बताए । ‘आफ्नो नगर सफा राख्नु हरेक व्यक्तिको जिम्मेवारी हो, प्रतीकात्मकरूपमा हामी आफैं सडकमा आएर फोहर उठाइरहेका छौं,’ नगरप्रमुख साहले भने, ‘यस कार्यमा बृहत् नागरिक सहभागिता त जरुरी छ नै, त्योभन्दा बढी आफ्नो पसल, होटल, घर र कार्यस्थलबाट निस्कने फोहर व्यवस्थापनका लागि स्वयम् व्यक्ति नै जिम्मेवार एवम् सचेत बन्न जरुरी छ ।’ उनले नगरले फोहर व्यवस्थापनका लागि अत्यावश्यक सामग्री उपलब्ध गराउने र फोहर उठाउन गाडी पठाउनेलगायतका काम गरिरहे पनि नागरिकमा फोहर एक ठाउँमा जम्मा गर्ने बानीको विकास नहुँदा समस्या भइरहेको बताए । दोस्रो चरणको कार्यक्रमअन्तर्गत दण्ड, जरिवाना र अन्य कारबाहीका कार्यहरू अगाडि बढाइने उनको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले सामाजिक कार्यका लागि हप्ताको एक दिन एक घण्टा छुट्याएर सरसफाइ अभियानमा जुट्न सबैलाई आग्रह गरे । उनले नगरपालिका र वडा कार्यालयको तहबाट पनि सरसफाइ अभियानमा सहभागी हुन सबैलाई प्रेरित गर्नुपर्ने बताए । ‘हप्तामा एक दिन एक घण्टा सामाजिक कामका लागि छुट्याउने भनेर हामीहरू हरेक शुक्रबार सरसफाइ अभियानमा जुटेका छौं । शुक्रबार छैटौं हप्तासम्म आइपुग्दा सबै क्षेत्रको सहभागिता बढ्दै गएको छ,’ प्रमुख जिल्ला अधिकारी दाहालले भने ।

नेपाली सेना श्रीनाथ गण महेन्द्रनगर धनुषाका कर्णेल सुरेश देवकोटाले फोहर व्यवस्थापनका लागि बृहत् योजना बनाएर अगाडि बढ्नुपर्ने बताए । ‘यसअघि पनि जनकपुरधाम, धनुषाधामलगायतका क्षेत्रमा साप्ताहिकरूपमा एक सय हप्ताभन्दा पनि लामो समयसम्म सरसफाइ अभियान भएका थिए,’ समाजसेवी ओम शर्माले भने, ‘जनकपुरमा फोहर व्यवस्थापनका लागि ठोस योजना बनाएर नागरिक तहमै त्यसको कार्यान्वयन गर्ने गरी अगाडि बढ्नुपर्छ ।’

धार्मिक नगरी भए पनि जनकपुरधाममा फोहर व्यवस्थापन हुन नसकेको भन्दै आलोचना हुने गरेको छ ।

# मिटरब्याज पीडितको समस्या समाधान गर्न सरकारद्वारा पहल



काठमाडौं, १० चैत ।
मिटरब्याजविरुद्ध आन्दोलनरत किसानको समस्या समाधान गर्न सरकारले पहल थालेको छ ।

महोत्तरीको बर्दिबसदेखि काठमाडौंसम्मको यात्रामा निस्किएका मिटरब्याज पीडित किसानका समस्या समाधान गर्न तथा घर फर्किन गृहसचिवमार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले निर्देशन दिएको उनका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिए । सोही निर्देशनबमोजिम मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले किसानसँग छलफल गरी सरकार कानुन बनाउने काममा लागेको र मिटरब्याजीविरुद्ध सरकारले मुद्दासमेत चलाइरहेको उल्लेख गरे ।

घर फर्किन आवश्यक सहयोग गर्नेसमेत उनले प्रतिबद्धता व्यक्त गरेका छन् । सिडिओ पाण्डेसँगको छलफलमा पीडित किसानले आफूहरु एउटा अभियानमा भएको र कानुन नबन्दासम्म नफर्कने बताए । किसानले त्यस अवसरमा काठमाडौंसम्मको यात्राका लागि आफूहरुलाई चिसो हुने र कम्बलको व्यवस्था गर्न तथा सवारी साधनको प्रबन्ध मिलाउन आग्रह गरेका थिए । पाण्डेले किसानलाई कम्बल व्यवस्था गरेका छन् ।

पीडित किसानको समस्या समाधान गर्न गृहमन्त्रालयले कानुन बनाउनका निम्ति मस्यौदा बनाएर कानुन मन्त्रालयमा पठाइसकेको प्रधानमन्त्री दाहालका प्रेस संयोजक शर्माले बताए । सरकारले तीन सय ५० मिटरब्याजीलाई कारबाही गरिसकेको छ ।

# ईंटाभट्टाको पर्खाल भत्किदा महिलाको मृत्यु



लहान, १० चैत ।
सिरहामा ईंटाभट्टाको पर्खाल भत्किएर महिलाको मृत्यु भएको छ । अन्य दुईजना घाइते भएका छन् । गोलबजार नगरपालिका-८ स्थित सगुन ईंटा उद्योगको पर्खालले किच्दा भारत, पश्चिम बङ्गालकी महिमा बीबीको शुक्रबार बिहान मृत्यु भएको हो ।

ईंटाभट्टामा पोलेको ईंटा निकाल्ने क्रममा भट्टीको पर्खाल भत्किएर किच्दा घाइते भएकी उनको उपचारका लागि लहान लैजाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ । घाइते ३५ वर्षीया बवी बीबी र ४० वर्षीया ममता बीबीको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ ।

ईंटाभट्टामा काम गर्ने मजदुरलाई सामान्य सुरक्षासमेत व्यवस्था नमिलाउँदा पटकपटक दुर्घटनामा परी मजदुरको अङ्गभङ्ग हुने र ज्यानै समेत जाने गरेको छ ।

# परीक्षार्थीलाई यातना नदिन मन्त्री यादवको निर्देशन



मधेशदृष्टि
जनकपुरधाम, १० चैत ।
यसवर्षको एसइइ परीक्षालाई मर्यादित र अनुशासित बनाउन सरोकारवाला निकाय गम्भीर हुनुपर्ने मधेस प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले बताएका छन् । शुक्रबार एसइइ परीक्षाको तयारी र शिक्षक एवम् परीक्षार्थी लगायतको व्यवस्थापनसम्बन्धी जनकपुरधाममा आयोजित एकदिने अभिमुखिकरण कार्यक्रममा बोल्दै मन्त्री यादवले परीक्षार्थीलाई कुनै पनि किसिमको तनाव र अनावश्यक मानसिक यातना दिने कार्य नगर्न निर्देशन दिए ।

यसपटकको परीक्षामा शिक्षक, शिक्षा अधिकारी, सुरक्षाकर्मी तथा अनुगमन संयन्त्र लगायतकालाई परीक्षार्थीलाई अनावश्यक मानसिक यातना दिने कार्य नगर्न आग्रह गर्दै उनले परीक्षार्थीले आफ्नो भविष्यबारे कति चिन्तित छन् भन्ने कुरा यस एसइइ परीक्षाको परिणामबाट निर्धारण गर्ने भएकाले निर्धकताकासाथ परीक्षामा सहभागी हुन आग्रह गरे ।प्रदेशका आठवटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका अधिकारीसँग मन्त्री यादवले एसइइ २०७९ सञ्चालन तथा व्यवस्थापनमा पूर्ण सहयोग गर्न आग्रह गरेका छन् । शिक्षा विकास निर्देशनालयले प्रस्तुत गरेको प्रतिवेदनअनुसार मधेस प्रदेशको ४ वटा जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइले विगतको रकम फर्च्छ्यौट नभएकाले तत्काल फर्च्छ्यौट गरे मात्रै यसवर्ष हुने एसइइ परीक्षाको बजेट भुक्तानी हुने जनाएका छन् ।

सप्तरी, धनुषा, बारा र पर्साले अहिलेसम्म बेरुजु रहेकाले फर्च्छ्यौट गर्न शिक्षा विकास निर्देशनालयले निर्देशन दिएको छ । चैत १७ गतेदेखि एसइइ परीक्षा हुँदैछ ।

# दाइजो मुद्दाका अभियुक्त डा. चौधरी धरौटीमा रिहा

मधेशदृष्टि
जनकपुरधाम, १० चैत ।
दाइजो मुद्दामा पुर्पक्षमा जेल चलान भएका नेहा चौधरीका श्रीमान डा. पंकज चौधरीलाई तीन लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न उच्च अदालत जनकपुरधामले आदेश दिएको छ ।

इजलास नम्बर ३ का न्यायाधीशद्वय विष्णु कोइराला र रामेश्वर रेग्मीको संयुक्त इजलासले बिहीबार धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएको राजिष्ट्रार खड्गराज अधिकारीले जानकारी दिए ।दाइजोसम्बन्धी कसूरमा महोत्तरीको रामगोपालपुर नगरपालिका ५ का पंकज पुस २२ गते जिल्ला अदालत महोत्तरीको आदेशमा पुर्पक्षका लागि जेल चलान भएका थिए ।

दाइजोका कारण घरेलु हिंसामा परेको भन्दै पंकजकी पत्नी महोत्तरीकी औरही नगरपालिका-१ माइत भएकी २१ वर्षीया नेहा चौधरीले दाइजोसम्बन्धी कसूर मुद्दा दायर गरेकी थिइन् ।

तीन वर्षको प्रेमपश्चात २०७८ फागुन २५ गते नेहा र पंकजबीच सामाजिक परम्पराअनुसार जनकपुरधामको राजदरबार होटेलमा विवाह भएको थियो । विवाहको चारमहिनापछि दुबैबीच दरार उत्पन्न भएको थियो । नेहाले दाइजोमा पंकजले काठमाडौंमा घर किनिदिन भन्दै आफूलाई यातना दिइरहेको आरोप लगाउँदै आएकी छन् । पंकजले भने आफूमाथि लगाएको आरोप निराधार रहेको दावी गर्दै आएका छन् ।



दाइजोसम्बन्धीको कसुरमा मुद्दा परेपछि फरार पंकजका बुबा बुबा ६० वर्षीय रामप्रवेश चौधरी पनि पुर्पक्षका लागि फागुन ३० गते जलेश्वर कारागार चलान भएका थिए । महोत्तरी जिल्ला अदालतको आदेशमा चलाउन भएका उनी थुनामै छन् ।

## बारामा उपेन्द्र यादवको ..............................

क्षेत्रमा कसलाई उम्मेदवार बनाउने भन्ने निर्णयमा पुगिसकेका छैनौं तर प्रभावशाली व्यक्ति खोजीमा छौं ।’ त्यहाँ जनमत पार्टीका राजेश साहले २ हजार ७ सय २५ मत प्राप्त गरेका थिए ।

रामसहाय उपराष्ट्रपति भएपछि चुनाव जितेर संसद छिर्ने दाउमा रहेका उपेन्द्रलाई मधेशवादी पार्टीहरूकै घेराबन्दी देखिन्छ । गठबन्धनमा उनी सर्वसम्मत छैनन् । यस्तो अवस्थामा मधेश राजनीतिको चतुर खेलाडी मानि यादव चुनाव हारे ‘राजनीतिक करियर’ नै धरापमा पर्ने आँकलन गरिदैछ । १० दलीय गठबन्धनकै साझा उम्मेदवार भएको अवस्थामा गत निर्वाचनमा आएका सबै दलको मत जोड्दा ४६ हजार ५ सय ५७ मत छ । जसपाबाहेक मधेश केन्द्रित दलहरू जनमत, लोसपा र नागरिक उन्मुक्तिको समानुपातिक मत १६ हजार ८ सय ७५ छ । यसअघि जसपालाई सघाएको एमालेले तीन मधेश केन्द्रित दलसँग गठबन्धन गर्ने सम्भावना पनि छ । त्यस्तो अवस्थामा पनि सत्तागठबन्धनकै मत अगाडि छ । एमाले, जनमत, नागरिक उन्मुक्ति र लोसपाको समानुपातिक मत २६ हजार ६८ पुग्छ ।

यता त्यहाँ राजेन्द्र महतो र शिवचन्द्र प्रसाद कुशवाहा दुवै उम्मेदवार भए उपेन्द्रलाई जित्न झन सहज हुने बताइन्छ । बारा-२ मा जातीय समीकरणका हिसाबले महतो र कुशवाहाबीच भोट ‘डाइभर्ट’ भएर यादव जित्नसक्ने आँकलन गरिँदैछ । तर जनमत र रास्वपाले उम्मेदवार दिए त्यो सम्भावना कम रहन्छ । यादव मतदाता ३० देखि ३५ हजार रहेको यस क्षेत्रमा चुनाव जित्न १५ देखि २० हजारसम्म मत निर्णायक हुने भएकाले चुनावमा ‘जातीय फ्याक्टर’को कार्ड खेलेर चुनाव जित्ने तयारीमा यादव जुटेका छन् । तर सप्तरी जस्तै ‘मुडमा बारामा जनमानस उत्रियो’ भने यादवलाई जिताउन कुनै फ्याक्टर कामयाव हुने छैन ।

## आरतीलाई न्यायको ................

बताइन् । गर्भवती भएपछि नवीन र परिवारका सदस्यले गर्भपतन गराउन दबाब दिएका थिए । अदालत धाउन खर्च र कानुनी जानकारी नभएकी आरतीलाई प्रदेश सभासदस्य समेत रहेकी अधिवक्ता किरण कुमारी साहले निःशुल्क कानुनी सहायता उपलब्ध गराउदै बहस पैरवी गरेरे गुण लगाएकी थिइन् ।

अदालतको आदेशपछि खुशी देखिएकी आरतीले भनिन्, ‘अदालतको आदेशले प्रारम्भिक न्याय पाएको महशुस भएको छ, पूर्णरुपमा न्याय पाउने विश्वास जागेको छ ।’

जनकपुरकी आरतीको नवीनसंग २०७७ मंसिर २१ गते हिन्दू रीतिरिवाजअनुसार विवाह भएको थियो । तर थप दाइजोको मागका लागि आरती र माइती पक्षलाई दबाब बढाउँदै लगेपछि आन्तरिक कलह बढेको थियो ।

मुद्धामा विपक्षी बनाइएका सासु, ससुरा र नन्दलाई समेत मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को दफा ५७ बमोजिम पक्राउ पुर्जी जारी गरी कारवाही सजाय माग गरिएको छ ।

उनीहरु फरार छन् । नवीनले भने आफूविरुद्ध लागेको आरोप अस्वीकार गर्दै आएका छन् ।

## उपराष्ट्रपतिलाई भूमिकाहीन...........................

अभ्यासनको गलत सन्देश प्रवाह भयो । यद्यपि यतिखेर एकपटक पुनः संसदीय व्यवस्थालाई बलियो बनाउने अवसर प्राप्त भएको छ ।

संघीय सरकारका सहयोगी तीनदल दुई महिनाभित्रै सरकारबाट बाहिरिएका छन् । सुदूरपश्चिम प्रदेश सरकार त एकमहिना पनि टिक्न सकेन । निकट भविष्यमै केही प्रादेशिक सरकारको संरचनामा पनि परिवर्तन आउनेछ। जबकि संघीय सरकारमा पनि केही दलहरुको सहभागिता हुने निश्चित छ । संविधानको सर्वोच्चता, कानुनी शासन, न्यायपालिकाको स्वतन्त्रता, संघवाद, धर्म निरपेक्षता, सम्प्रभूता, लोकतान्त्रिक गणराज्य, संसदीय प्रणाली, स्वतन्त्र र निश्पक्ष चुनाव एवम् कल्याणकारी राज्यलाई संविधानको आधारभूत संरचना मानिन्छ । तर यसका निम्ति नियमित अभ्यास भइरहनु पर्दछ । केबल संविधानका पानामा लेखिएका राम्रा र आकर्षक शब्दहरु त्यतिबेलासम्म सार्थक सावित हुँदैनन जबसम्म यसको लाभ जनतालाई प्राप्त भइरहेको हुँदैन । दक्षिणी छिमेकी भारतको लोकतन्त्रलाई विश्वमा सम्मानित र अनुकरणीय स्थान प्राप्त हुनुको मुख्य कारण भारतीय न्यायपालिका र संवैधानिक व्याख्या प्रक्रिया अनवरतरुपमा विकसित भइरहनु हो । भारतको संविधान आज पनि जीवन्त लोकतान्त्रिक दस्तावेजजस्तै आफ्नो अस्तित्व कायम राखिरहेको छ । जनताका मागअनुसार समयसमयमा नयाँ प्रदेश गठन गरी जनचाहना र असन्तुष्टि सम्बोधन गर्ने काम भइरहेको छ । भारतमा केन्द्र सरकारलाई होइन, प्रादेशिक सरकारलाई बलियो बनाउने काम हुँदै आएको छ । हाम्रो देशमा पनि यस दिशामा क्रमिकरुपमा पाइला चाल्ने काम त भएको छ तर बीचमै अवरोधहरु तेर्सिने गरेका छन् । भारतको न्यायपालिका, संसद र सरकारका केही निर्णयहरु यति बढी प्रभावकारी सावित भए कि संघीय लोकतान्त्रिक गणतन्त्र बलियो बनाउन समयसमयमा सहयोगी सावित हुँदै आए ।एसआर बोम्मईविरुद्ध भारत सरकार (१९९४) मामिलाका सन्दर्भमा भारतको सर्वोच्च न्यायालयले प्रादेशिक सरकारलाई शक्तिशाली बनाउँदै संघीय सरकारले जथाभावी संविधानको धारा ३५६ प्रयोग गरी प्रादेशिक सरकारलाई अपदस्त गर्न नसक्ने भन्दै प्रादेशिक सरकारसित बहुमत रहेको अथवा नरहेको सम्बन्धित निर्णय गर्ने थलो प्रादेशिक सभालाई नै मानिने आदेश गर्‍यो । तर आधारभूत संरचनाको सवालमा सन १९९२ डिसेम्बरमा अयोध्याका बाबरी मस्जिदको विवादास्पद संरचना जोगाउन नसकेका कारण भारतीय, जनता पार्टी नेतृत्वको उत्तर प्रदेश, मध्ये प्रदेश र राजस्थान सरकारलाई बहुमत हुँदा पनि अपदस्त गरी धर्मनिरपेक्षताका लागि त्यो आवश्यक भएको निर्णय सर्वोच्च न्यायालयले गरेको थियो । यसमा भारतको सर्वोच्च न्यायालयले संविधानको आधारभूत संरचनालाई ऐतिहासिक सिद्धान्त घोषित गर्दै अंसशोधनीय भनेको थियो । आधारभूत संरचनाको यस निर्णयलाई पछि भारतको संविधानमा एउटा सिद्धान्तका रुपमा मान्यता प्राप्त भएको थियो । आधारभूत संरचनालाई देशको संसदले पनि संशोधन गर्न नसक्ने नजिर भएको थियो । संसदीय लोकतन्त्रंलाई बलियो बनाउन नेपालमापनि तत्काल उपराष्ट्रपतिको अधिकारमा संशोधन गरी उनलाई राष्ट्रिय सभाको अध्यक्ष बनाइनु उचित हुने धारणा बहसमा आएको छ । ढिलोचाँडो यो विषय अरु पेचिलो भएर सार्थकता पाउने मोडमा पुग्ने अपेक्षा छ ।

# तीन सातामा सात चलचित्र प्रदर्शनमा आउने




काठमाडौँ, १० चैत ।
चैत लागेदेखि नै नेपाली चलचित्र प्रदर्शन भएको छैन । दुई साता खाली रहे पनि बाँकी तीन सातामा भने सात चलचित्र प्रदर्शन हुँदैछन् । वैशाखलाई लक्षित गर्दै निर्माताले वितरकसँग सल्लाह गरेर चलचित्र प्रदर्शन तय गरेका हुन् ।

चैत १७ गते चलचित्र ‘प्रेमा’ प्रदर्शनमा आउँदै छ । गोविन्दसिंह भण्डारीको निर्देशनमा तयार भएको चलचित्रमा अरुण क्षेत्री, सुवेक्षा खड्का र सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन् । प्रेम र समर्पणमा आधारित चलचित्रलाई प्रदर्शन गर्ने समय वितरकसँगको छलफलपश्चात् तय गरिएको निर्देशक भण्डारीले बताए । ‘अहिले समय पाउनै मुस्किल छ,’ उनले भने । यसैगरी चैत २४ गते चलचित्र ‘बहाव’ र ‘प्रसाद २’ प्रदर्शन हुँदैछन् । फोटो पत्रकार श्रीधर पौडेलको निर्माण तथा प्रमोद कँडेलको निर्देशन रहेको ‘बहाव’ मा सुरक्षा पन्त, कमलमणि नेपाल, अफरान अली, सूर्य शर्मा भट्ट, ईश्वरी सिंह, हीरालाल कँडेल र पवन श्रेष्ठले अभिनय गरेका छन् । जिज्ञासा, विचार अनि यथार्थको कथालाई प्रमुख विषय बनाइएको चलचित्र ‘बहाव’ कलात्मक रहेको निर्देशक कँडेलले जानकारी दिए ।

‘चलचित्र पूर्णरूपमा व्यावसायिक भए पनि यसको प्रस्तुतीकरण भने कलात्मक छ,’ उनले भने । सोही समयमा प्रदर्शन हुने चलचित्र ‘प्रसाद २’लाई सुभाष थापाले निर्माण गरेका हुन् । उनले चलचित्रको काम सकिएकाले चैतको अन्तिम साता प्रदर्शन तय गरिएको जानकारी दिए । ‘वैशाख १ गते प्रदर्शन गर्ने घोषणा गरेका थियौँ । यद्यपि त्यो समयमा धेरै चलचित्र भएपछि एकहप्ता अगाडि नै प्रदर्शन गर्दैछौँ,’ निर्माता थापाले भने, ‘प्रसादको दोस्रो शृंखला भए पनि कथावस्तु फरक छ । गाउँको परिवेशमा पारिवारिक सम्बन्ध र सामाजिक कथावस्तुमा आधारित छ ।’

सुशील पौडेलको लेखन रहेको चलचित्र ‘प्रसाद २’लाई सुदर्शन थापाले निर्देशन गरेका हुन् । यसमा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, प्रकाश घिमिरे, कमलमणि नेपाल, विशाल पहाडीलगायत कलाकारले अभिनय गरेका छन् । वैशाख १ गते व्यापार राम्रो हुने आशाले चार चलचित्र प्रदर्शन हुँदैछन् । ‘नाई नभन्नु ल ६’, ‘प्रसाद २’, ‘जारी’ र ‘बिहे पास’ एकसाथ प्रदर्शन गर्ने घोषणा गरेर निर्माण पक्षले प्रचारप्रसार गरिरहेका छन् । ‘नाई नभन्नु ल’ को छैटौँ शृंखलालाई विकासराज आचार्यले निर्देशन गरेका हुन । यसमा आँचल शर्मा, आर्शिवाद क्षेत्री, केकी अधिकारीलगायतले अभिनय गरेका छन् । ‘प्रेमकथा कै निरन्तरता पाउनु हनेछ । दर्शककै मायाले छैटौँ शृंखलासम्म आइपुगेका छौँ । समग्रमा मनोरञ्जनको प्याकेज तयार गरेका छौँ,’ निर्देशक आचार्यले भने । सोही समयमा अभिनेता दयाहाङ राई अभिनित दुई चलचित्र ‘बिहे पास’ र ‘जारी’ एकसाथ प्रदर्शन हुँदैछन् । लिम्बू समुदायको प्रेमकथालाई विषयवस्तु बनाइएको ‘जारी’ मा श्रीमती फिर्ता ल्याउन सङ्घर्षरत श्रीमानको कथा रहेको निर्माण पक्षले जानकारी दिएको छ । कवि उपेन्द्र सुब्बाको निर्देशन रहेको चलचित्रमा अभिनेता राईसँगै मिरुना मगर, विजय बराल, कमलमणि नेपाल, रेखा लिम्बूलगायतले अभिनय गरेका छन् । सोही समयमा प्रदर्शन हुने भनिएको अभिनेता राई अभिनित ‘बिहे पास’ मा प्रकृति श्रेष्ठ, बुद्धि तामाङ, शिशिर वाङ्देललगायतले अभिनय गरेका छन् । प्रवेश पौडेलको निर्देशक रहेको चलचित्रमा बिहे गर्न सरकारी जागिर हुनुपर्छ भन्ने मान्यताको कथाबस्तु समावेश गरिएको छ । यस्तै, वैशाख १ मै प्रदर्शनमा आउने चलचित्र हो ‘बुलाकी’ । कर्णालीको ग्रामीण जीवन, रीतिथिति, जारी प्रथा तथा परिवार र सम्बन्धलाई देखाइएको चलचित्रलाई विराज विष्टले निर्माण गरेका हुन । सुरक्षा पन्त, नरेन खड्कासँगै स्वयम् निर्माता विष्टले यसमा अभिनय गरेका छन् । नयाँ वर्षलाई लक्षित गर्दै चार चलचित्र प्रदर्शन हुनु सुखद् नरहेको वितरक करण श्रेष्ठले बताए । ‘एकसाथ यसरी चलचित्र प्रदर्शन हुनाले सबैलाई घाटा गर्छ । बिदालाई लक्षित गर्दै दुई चलचित्र प्रदर्शन हुनु सामान्य मानिन्छ,’ उनले भने, ‘यसबारे सम्बन्धित संस्थाले सोच्नै पर्छ । यही क्रम रहने हो भने आगामी दिन झनै मुस्किल हुनेछन् ।’ यस अगाडि नयाँ वर्षमा दुई वा तीनसम्म चलचित्र प्रदर्शन भइसकेका छन् । रासस

# चलचित्रमा रङ्ग पत्रकार



काठमाडौँ, १० चैत ।
पत्रकारिता हुँदै चलचित्र निर्माण, निर्देशन तथा लेखनमा केही वर्षयता नयाँ पुस्ताका पत्रकारको उपस्थिति बढ्दो छ । पछिल्लो समयमा पत्रकारितासँगै गीत लेख्ने पनि उत्तिकै छन् । समीक्षक हुँदै निर्देशक बनेका पत्रकार दीपेन्द्र लामाले आफ्नो पाँचौँ चलचित्र ‘नाङ्गो गाउँ’ को छायाङ्कन आजदेखि सुरू गरेका छन् । एक महिनाको तालिका बनाएको चलचित्रमा दयाहाङ राई, मिरुना मगर, कार्म लगायतको कलाकारले अभिनय गर्दै छन् ।

‘कार्यशाला गरेर छायाङ्कनमा निस्किएकाले निर्धारित समयमै सम्पन्न गर्छौँ भन्ने आश छ । आउँदो वर्ष प्रदर्शन गर्ने लक्ष्य छ,’ निर्देशक लामाले भने । उनी पत्रकारिता छाडेर अहिले लेखन तथा निर्देशनमै व्यस्त छन् । रङ्ग पत्रकार हुँदै चलचित्रकर्मी बनेका सुशील पौडेलको लेखन रहेको ‘प्रसाद-२’ यही चैत २४ मा प्रदर्शन हुँदैछ ।

‘प्रसादपश्चात् यसको दोस्रो शृंखला लेखेको हुँ । समय मिल्दा र कार्यशैली मिल्ने टिम हुँदा काम गरिरहेको छु,’ लेखक पौडेलले भने । उनी पत्रकारितामा समेत सक्रिय छन् । लेखक पौडेल झैँ पत्रकारितासँगै लेखनमा सक्रिय सामिप्यराज तिमल्सेना अझै केही समय निर्देशनमा आउने सोचमा नरहेको बताए । ‘अफर त आइरहेको हुन्छ । तर म पत्रकारितासँगै लेखनमै सक्रिय छु,’ लेखक तिमल्सेनाले भने, ‘अहिलेको समय हामीले सिक्ने हो । चलचित्रमा देखिएको परिवर्तनको निष्कर्ष बुझ्नु जरुरी छ ।’

रङ्ग पत्रकार डब्बु क्षेत्री म्युजिक भिडियो निर्देशन र गीत रचनामा व्यस्त छन् । अहिले फिल्म निर्देशन गर्ने उनको सोच छैन ।

‘फिटकिरी’ बाट लेखन सुरू गरेका पत्रकार यज्ञश निश्चल बस्नेतको निर्देशन रहने चलचित्रको कथा लेखिरहेका छन् । यस्तै अधकट्टी र सुश्री सम्पत्ति निर्देशन गरिसकेका पत्रकार सुव्रत आचार्य ‘टिभी शो’को तयारी गरिरहेका छन् । चलचित्र निर्देशन केही समय थाती राख्दै उनको सक्रियता म्युजिक भिडियो निर्देशनमा बढेको छ । ‘एउटा साथी’ निर्देशन गरेर निर्माणमा समेत सक्रिय लक्ष्मण सुवेदी ‘सतीदेवी’ को तयारीमा छन् । यसमा उनले शीर्ष भूमिकामा मलिका महतलाई अनुबन्धित गरेका छन् । कार्यशाला भइरहेको चलचित्रको छायाङ्कन छिटै हुने उनले बताएका छन् ।

# करिनाले गरिन् ‘थ्री इडियट्स’को सिक्वेल बन्ने संकेत



आमिर खान स्टारर हिट फिल्म ‘थ्री इडियट्स’को सिक्वेल बन्ने कुराले यतिबेला बलिउड गर्माएको छ । यो चर्चा यतिबेला सुरु भयो जतिबेला आमिरसहित आर माधवन अर्का कलाकार सरमन जोशीको गुजराती फिल्म ‘कग्र्याच्युएसन’लाई प्रवर्द्धन गर्न इन्स्टाग्राम लाइभ भिडियोमा उपस्थित भए ।

‘थ्री इडियट्स’का यी तीनै कलाकार एकसाथ भेला भएपछि फ्यानले सिक्वेल बन्ने अनुमान गर्न थालेका छन् । लगत्तै अभिनेत्री करिना कपुरले पनि इन्स्टाग्राममा भिडियो पोस्टमार्फत सिक्वेल बन्न लागेको संकेत गरिन् । करिनाको यो संकेतले झनै फ्यानको शंकामा बल मिलेको छ । हालै अफ्रिकामा छुट्टी मनाएर फर्किएकी करनाले एउटा भिडियो सेयर गर्दै भनिन्, ‘तीनजना कलाकारलाई देखाइएको क्लिप ‘यी तीनजनाले हामीबाट लुकाइरहेका छन् । सरमनको फिल्मको प्रमोसनका लागि भनिएपनि उनीहरु सिक्वेलका लागि काम गरिरहेका हुन सक्छन् । तीनजनाले मात्र काम गर्नेगरी । म बिना कसरी ? मलाई लाग्छ, बोमनलाई पनि यसबारे थाहा नभएको हुन सक्छ ।’

करिनाले सिक्वेल बनाउने गन्ध आएको भन्दै भिडियोको अन्त्य गरेकी छन् । फ्रेबुअरीमा राजकुमार हिरानीको ‘थ्री इडियट्स’मा क्रमशः फुन्सुक वाङ्डु, राजु र फरहानको भूमिका खेलेका आमिर, शरमन र माधवन शरमनको फिल्मको प्रमोसनका लागि जम्मा भएका थिए ।

फ्यानले लाइभमा ‘अल इज वेल’ लेखेर कमेन्ट गर्दै सिक्वेल बनाउन समेत आग्रह गरे ।

एक प्रशंसकले ‘राजु, रान्चो र फरहानको पुनर्मिलन’ भन्दै लेखे । ‘थ्री इडियट्स’ चेतन भगतको उपन्यास ‘फाइभ प्वाइन्ट समवन’मा आधारित थियो र २००९ को सबैभन्दा हिट फिल्म बनेको थियो ।

# ज्याकी चानको ‘न्यु पुलिस स्टोरी २’ बन्ने



गत मंगलबार फिल्ममार्ट मार्केटले विश्वविख्यात मार्सल आर्ट अभिनेता ज्याकी चानलाई प्रस्तुत गरेको थियो, जहाँ उनले आफ्नो आगामी फिल्म ‘न्यु पुलिस स्टोरी २’ को औपचारिक घोषणा गरे । च्यान स्वयम्को शीर्ष भूमिका रहने फिल्मलाई उनी आफैँले निर्माण गर्नेछन् ।

यसका लागि उनले हङकङका अभिनेता, मार्शल आर्टिस्ट, गायक, गीतकार, पपस्टार र हार्टथ्रोब निकोलस त्सेसँग निर्माणमा सहकार्य गर्दैछन् । त्सेले यो फिल्मबाटै निर्देशनमा डेब्यु गर्दैछन् । फिल्मको शीर्षकले भनेजस्तै यो फिल्म चान अभिनित सन् १९८० ताकाको लोकप्रिय फिल्म ‘पुलिस स्टोरी’को नयाँ श्रृंखला हुन् ।

फिल्ममा चानलाई हङकङको प्रहरीको रुपमा ड्रग्स मालिक र भ्रष्टाचारसँग लडिरहेको पात्रको रुपमा चित्रण गरिएको छ । गोल्डेन हार्वेस्ट ब्यानर अन्तर्गत निर्मित फिल्म ‘पुलिस स्टोरी’ (१९८५) र पुलिस स्टोरी २ (१९८७) लाई चानको करिअरको दुई सबैभन्दा सफल र लोकप्रिय फिल्ममध्ये मानिन्छ । जसमा चानका केही उत्कृष्ट र सबैभन्दा विस्तृत एक्सन दृश्य प्रस्तुत गरिएको थियो ।

चानले आगामी श्रृंखलामा पनि लागूऔषध माफिया र भ्रष्टाचारविरुद्ध लड्ने पात्रको भूमिका निर्वाह गर्नेछन् । सन् १९९२ को फिल्म ‘सुपरकप’मा चान र हालै मात्र ओस्कार अवार्ड जितेकी अभिनेत्री मिसेल योहले मिलेर काम गरेका थिए ।

पुनः पुलिस स्टोरीकै सिक्वेल गर्न लागेकोप्रति उत्साह व्यक्त गर्दै अभिनेता चानले यी सिरिजले आफूलाई कसरी स्टारडम दिलाए र विश्वव्यापी सफलता हासिल गरे भन्ने कुरालाई सेयर गरेका छन् । नयाँ पुलिस स्टोरीलाई मौलिक फिल्मको सिक्वेलको रुपमा अर्थ्याइएको छ । नयाँ पुलिस कथाले मौलिक फ्रेन्चाइजसँग थोरै सम्बन्ध राख्छ, एक्सनमा बढी र मौलिक शृ्त लाका हास्य तत्वमा कम ध्यान केन्द्रित गर्छ ।

अभिनेता चान अहिले भेनेगार्ड, विस ड्रागन, गुड नाइट बेइजिङ र अल यु निड इज लभमा व्यस्त छन् । सन् २०२३ मा चानका तीन फिल्म प्रदर्शन तयारीमा छन् ।

न्यु पुलिस स्टोरी २ सन् २०२४ मा रिलिज हुने तयारीमा रहेको हङकङका सञ्चारमाध्यमले जनाएका छन् ।

# ‘पुष्पा २’ को पटकथा पुनर्लेखन

अजय र सलमानमध्ये एक स्टार भित्रिने

तेलुगू फिल्म ‘पुष्पा : द राइज’ रिलिज भएको झण्डै दुई वर्ष भइसकेको छ । यसको दोस्रो शृंखलाको दर्शकहरुले प्रतीक्षा गरिरहेका छन् ।

सुकुमार निर्देशित एक्सन ड्रामा ‘पुष्पा’को दोस्रो शृंखला ‘पुष्पाः द रुल’ मा अल्लु अर्जुन, रश्मीका मन्दाना र फहद फासिलले शीर्ष भूमिकामा अभिनय गर्दैछन् । भारतीय सञ्चारमाध्यम इटाइम्सका अनुसार सुकुमारले ‘पुष्पा २’मा एक जना प्रख्यात बलिउड ए-लिस्टर अभिनेतालाई कास्ट गर्ने तयारी गरेका छन् । यसका लागि ‘पुष्पा २’ को पटकथा पुनर्लेखन गरिएको जनाइएको छ । सम्भवतः सलमान खान वा अजय देवगणमध्ये एक अभिनेता फिल्ममा भित्रिनेछन् ।

तर यसको औपचारिक पुष्टि भएको छैन । एक वर्षअघि अभिनेता मनोज बाजपेयीलाई फिल्मको लागि अफर गरिएको खबर थियो । तर ‘फेमिली म्यान’ अभिनेताले यो खबर झुठो भन्दै खण्डन गरेका थिए । यसैबीच, हालैको एक मिडिया रिपोर्टका अनुसार पुष्पा २ को छायांकन यसै महिनाको अन्त्यमा बैंग्लोरमा पुनः सुरु हुनेछ । फिल्मको दोस्रो श्रृंखला अल्लु अर्जुन र फहद फासिलबीचको आमनेसामनेमा केन्द्रित हुनेछ, जसलाई ‘पुष्प : द राइज’को अन्त्यमा प्रतिद्वन्द्वीको रूपमा प्रस्तुत गरिएको थियो ।



### मधेशदृष्टि समाचार प्रभाव

# शिवम् लेयर्स फार्म १५ दिनभित्र बन्द गर्न निर्देशन

हरिशंकर शर्मा

वीरगंज, १० चैत । पर्साको पटेर्वासुगौलीस्थित शिवम् लेयर्स फार्म प्रालि उद्योग बन्द गर्ने पालिकाले निर्णय गरेको छ । वडा नम्बर २ गादीस्थित कुखुराको अण्डा उत्पादन गर्ने उद्योगले फैलाएको दुर्गन्धका कारण ५ वटा बस्तीका १० हजार भन्दा बढी नागरिक महामारीको उच्च जोखिममा रहेको समाचार प्रकाशन भएपछि १५ दिनभित्र उद्योग बन्द गर्न निर्देशन दिइने पालिकाले निर्णय गरेको हो ।



२०७९ चैत ८ गते बसेको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको गाउँपालिकाले जानकारी दिएको छ । त्यस क्षेत्रका १ सय भन्दा बढी नागरिकले शिवम् लेयर्स फार्म उद्योगलाई आवश्यक कारवाहीका लागि दिएको उजुरीमा छलफल गरी उद्योग सञ्चालनको अनुमति दिने निकायले तोकेको शर्तहरु पालना गर्न जानकारी गराउँदा पनि उद्योगले अटेरी गर्दै आएका कारण बन्द गर्ने निर्णय लिइएको हो ।

२०७८ चैत २३ गते पालिकाको न्यायिक समितिद्वारा भएको उद्योग सञ्चालनको अनुमति दिने निकायले तोकेको शर्तहरु तथा प्रचलित कानून अनुसारको वातावरण प्रदूषणसम्बन्धी मापदण्ड पालना गर्न जानकारी गराउँदासमेत उद्योगले शर्तहरु पूरा नगरेको र मापदण्ड विपरीत उद्योग सञ्चालन गर्दै आएको जनाएको छ । दिन प्रतिदिन जनगुनासो बढ्दै जाँदा पालिकाले उद्योगलाई पटकपटक मौखिक तथा लिखित ताकेता गर्दा पनि अटेरी गर्दै आएकाले दुर्गन्ध बढ्नुको साथै झिंगा भन्किने समस्या बढ्दै गएकाले २०७९ चैत २ गते गरिएको अनुगमन समितिको प्रतिवेदन अनुसार उद्योग बन्द गर्न १५ दिन भित्र निर्देशन दिइने निर्णय गरिएको हो ।

अनुगमन समितिले दिएको प्रतिवेदनमा नेपालको संविधान, २०७२ को धारा ३०, स्वच्छ वातावरणको हक (मौलिक हक) बाट गाउँपालिकाको हजारौं नागरिकलाई वञ्चित गराइएको, फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ अनुसार र वातावरण संरक्षण ऐन २०७६ विपरित कार्य गरी छरछिमेकको नागरिकको स्वास्थ्यसँग गम्भिर खेलवाड गरेको र फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ११ अनुसारको फोहरमैला व्यवस्थापनसम्बन्धी गाउँपालिकाको कार्यालयसँग अनुमति समेत नलिइएको उल्लेख गरिएको छ ।

उद्योगलाई १५ दिन भित्र बन्द गर्न लेखि पठाउने र सोको जानकारी सम्बन्धित निकायलाई गराउने निर्णय गरिएको पालिकाकी उपप्रमुख ममता चौधरीले जानकारी दिइन् । उद्योगको कारण त्यस क्षेत्रका २ हजार भन्दा बढी घरधुरीका १० हजार भन्दा बढी नागरिकहरु विभिन्न रोगको महामारीको उच्च जोखिममा छन् । अधिकाँश बालबालिका, वृद्धवृद्धा विभिन्न रोगबाट ग्रसित छन् । उद्योगले कुखुराको दिशा र मरेका कुखुराको उचित व्यवस्थापन नगर्दा त्यस क्षेत्रका स्थानीय झिंगाको प्रकोपबाट बढी प्रभावित छन् । वीरगंजका व्यापारी शिवजी कलवारले सञ्चालन गरेको उद्योगले फैलाएको दुर्गन्धबाट ७ किलोमिटर वरिपरिका बासिन्दा प्रभावित छन् । उद्योगले वडा नम्बर १ र २ को करिब ५ वटा बस्तीमा बसोबास गर्ने सर्वसाधारणको स्वास्थ्यमा प्रत्यक्ष असर पारिरहेको छ । दुर्गन्धको मार स्थानीयले विगत ५ वर्षदेखि झेल्दै आई रहेका छन् । यस विषयमा मधेशदृष्टि दैनिकले प्राथमिकताका साथ समाचार र सम्पादकीय प्रकाशन गरेको थियो ।

# नयाँ आइजिपीमा कुँवर

मधेशदृष्टि
वीरगंज, १० चैत ।

सरकारले नेपाल प्रहरीको महानिरीक्षक (आइजिपी) मा वसन्तबहादुर कुँवरलाई नियुक्त गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) कुँवरलाई बढुवा गरेर महानिरीक्षकमा नियुक्त गर्ने निर्णय गरेको हो ।



सरकारले केही दिनअघि पाँच प्रहरी नायब महानिरीक्षक (डिआइजी) लाई अतिरिक्त महानिरीक्षकमा बढुवा गरेको थियो ।

बढुवा भएकामध्येबाट पहिलो वरियतामा रहेका कुँवर महानिरीक्षक नियुक्त भएका हुन् । यसअघि वरियता मिचेर महानिरीक्षक नियुक्त हुने गरेको भन्दै सरकारको आलोचना हुँदै आएकामा यसपटक सरकारले पहिलो नम्बरका कुँवरलाई महानिरीक्षकमा नियुक्त गरेको हो । बढुवामा कुँवरसहित एआइजी टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य प्रतिस्पर्धामा थिए । कुँवरले एक वर्षसम्म प्रहरी संगठनको नेतृत्व गर्नेछन् । शुक्रबार नै प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अवकाश लिएका छन् । नवनियुक्त आइजिप कुँवरले प्रहरीको आन्तरिक शुद्धीकरण प्राथमिकतामा रहने बताए । विगतदेखि संगठनले लिएका प्राथमिकतालाई नै निरन्तरता दिने बताउँदै उनले संगठनभित्र आन्तरिक शुद्धीकरण गर्नु प्राथमिकता रहने उल्लेख गरे । कुँवरले प्रहरीको मनोबल र छवि बढाउँदै सरकारको सुशासन र समृद्धि यात्रामा सहयोगी भूमिका खेल्ने बताए ।

प्रणालीगत थिति बसाउने गरी काम गर्ने बताउँदै कुँवरले प्रोएक्टिभ पुलिसिङ गरिने बताए । ३० वर्षे सेवा अवधि कायमै रहे कुँवरको एकवर्षपछि अनिवार्य अवकाश हुनेछ ।

# ‘दलित उत्थानका लागि शिक्षामा जोड दिउँ’



मधेशदृष्टि
जनकपुरधाम, १० चैत ।

दलित समुदायलाई नीति निर्माण तहमा पहुँच बनाउन शैक्षिकस्तर उकास्नुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

दलित महिला संघको आयोजनामा शुक्रबार जनकपुरधाममा विकास र राजनीतिक प्रक्रियाको नीति निमार्णतहमा दलित महिलाको अर्थपूर्ण सहभागिता कार्यक्रमका वक्ताहरुले शिक्षालाई महत्वुर्ण नबनाएसम्म दलित समुदायले हक अधिकार पहिचान गर्न नसक्ने बताए । कार्यक्रममा मधेश प्रदेशकी सांसद पल्टीदेवी महराले कुनै पनि परिवर्तन एकाएक नहुने र त्यसका लागि लगन र परिश्रम आवश्यक रहेको बताइन् । आफूभित्र भएको अवगुण पहिचान गरी त्यसलाई हटाउन निरन्तरत प्रयासरत रहे मात्र समस्या समाधान हुने उनको भनाइ थियो । दलित अधिकारकर्मी तथा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य चन्देश्वर सादाले कानुनले दलितको हकअधिकार सुनिश्चित गरे पनि त्यसको इमानदारीरुपमा पहल नभएकै कारण दलित समुदाय पछाडि रहेको बताए ।

उनले भने, ‘जनप्रतिनिधिहरुमा दलित महिला सहभागी त छन् तर निर्णय लिने अधिकारबाट वञ्चित गरिएको छ, दलितलाई हस्ताक्षर गर्ने प्रतिनिधिका रुपमा मात्र राखिएकाले लक्षित वर्गहरुको कुनै पनि समस्या समाधान हुन सकेको छैन ।’ जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ३ का अध्यक्ष दीपेन्द्र साहले दलित समुदायमा खासगरी दलित महिला डिसिजन मेकिङमा अहिले पनि अरुको मुख ताक्नुपर्ने अवस्था रहेकाले नीतिनिर्माण तहमा पहुँच बनाउन नसकेको बताए । वडम नम्बर २२ का अध्यक्ष विमलेश मिश्रले दलितलाई राजनीतिमा पहुँच बनाउनुपूर्व आफूलाई दक्ष बनाउनुपर्ने आवश्यकता रहेको बताए । जनकपुरधाम उपमहानगरपालिकाका सामाजिक विकास अधिकृत सुनील झाले दलित समुदायकै केही ठूला भनाउँदाले आफनो समुदायको अवस्थामा सुधार ल्याउन नचाहेको आरोप लगाए । उनले भने, ‘त्यसै कारणले अहिलेसम्म दलित समुदायका लक्षित वर्गले कुनै पनि बजेटबाट उपलब्धी पाउन नसक्नु यसको मूल कारक छ, दलित समुदायको उत्थानका लागि बजेटको सहि सदुपयोग हुनु आवश्यक छ ।’

### आर्थिक विकासका लागि सहयोग

दलित महिला संघले दलित महिलाको आर्थिक विकासका लागि बिउ पुँजी वितरण अन्तर्गत १० समूहलाई पचास हजार रुपैयाँका दरले आर्थिक सहयोग गरेको छ । संघले वडा नम्बर १ का धर्मवान दलित महिला समुह, ३ को भगवती दलित महिला समूह, २२ को एकता दलित महिला समूह र २५ को जानकी दलित महिला समूहलाई पचास हजार रुपैयाँको चेक हस्तान्तरण गरेको हो । बाकी पाँच समूहलाई अर्को कार्यक्रम गरेर प्रदान गरिने अध्यक्ष किरण दासले जानकारी दिइन् ।

# रमजान शुरु

मधेशदृष्टि
वीरगंज, १० चैत ।

इस्लाम धर्मावलम्बीको महान् पर्व रमजान सुरु भएको छ । एक महिनासम्म चल्ने यो पर्वमा मुस्लिम समुदाय दिनमा निराहार बस्छन् । रोजा बस्न उर्दू क्यालेन्डरअनुसार बिहान ४ बजेदेखि बेलुका ६ बजेर २० मिनेट जाँदासम्म निराहार (रोजा) बस्नुपर्छ ।



रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समय अगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् ।

रमजान उर्दू क्यालेन्डरअनुसार हिजरी सम्वत् १४४४ हो भने रमजान महिना नवौँ महिना हो । रमजान महिनामा नै मुस्लिम समुदायको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो । दान दिनु गरिब र दीन दुःखीलाई सेवा गर्नु यो महिनाको धार्मिक विशेषता हो ।

# भिडियो बाहिरिएपछि सहायक डिएफओ निलम्वित

मधेशदृटि
वीरगंज, १० चैत ।

घुस लिएको भिडियो फेला परेपछि डिभिजन वन कार्यालय पर्साका सहायक वन अधिकृत रामप्रसाद यादव निलम्बनमा परेका छन् ।




उद्योग पर्यटन तथा वन मन्त्रालयले सहायक वन अधिकृत यादवलाई निलम्बन गरी अनुसन्धान थालेको हो । वन मुद्दामा हिरासतमा रहेका अभियुक्तका आफन्तसित घुस लिइरहेको भिडियो प्रमाणका रुपमा फेला परेको वन मन्त्रालयका एक अधिकृतले बताए । उनलाई ६० दिनका लागि निलम्बन गरिएको मन्त्रालयले जनाएको छ । सहायक अधिकृत (सातौं तह) यादवले प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ८७ (२) बमोजिमको कसुर गरेको भन्दै सो विषयको छानबिन तथा जाँचबुझ कार्यमा झुठा सबुत, प्रमाण संकलन गर्न सक्ने वा आफूविरुद्धको सबूत प्रमाण गायब गर्न सक्ने सम्भावना रहेकाले निलम्बन गरिएको पत्रमा उल्लेख छ ।परवानीपुर गाउँपालिका वडा नम्बर १ स्थित मुसहरीका जयनारायण साहविरुद्ध अवैधरुपमा वन पैदावार ओसार पसार मुद्दामा फागनु १६ गतेदेखि अधिकृत यादवले अनुसन्धान गरिरहेका थिए ।

चैत ६ गते साह पक्राउ परेपछि मुद्दा मिलाइदिने अन्यथा जेल पठाइदिने धम्की दिँदै ४ लाख रुपैयाँ लिइसकेको यादवमाथि आरोप छ । यादवले थप ४० हजार रुपैयाँका लागि बार्गेनिङ गरेपछि प्रतिवादीले भिडियो बनाएर मन्त्रालयलाई उपलब्ध गराएका थिए । त्यससम्बन्धी विभिन्न अडियो प्रमाणसमेत भेटिएको मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

अडियो-भिडियो फेला परेपछि यादवलाई निलम्बन गरी अनुसन्धान थालिएको राज्यमन्त्री रहबर अन्सारीले बताए ।

# फोहोर उठाउने सवारी साधनमा नयाँ साइरन




मधेशदृष्टि
वीरगंज, १० चैत । वीरगंज महानगरपालिकाले फोहोर संकलन गर्ने सवारी साधनमा नयाँ साइरन जडान गरेको छ ।

स्थानीय भोजपुरी भाषामा सूचनामूलक र घण्टीको आवाजसहितको नयाँ साइरन महानगरपालिकाका प्रमुख राजेश मान सिंह र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले संयुक्त रुपमा शुभारम्भ गरे । विगतमा एम्बुलेन्स तथा इमर्जेन्सी सवारी साधनमा बज्ने साइरनलाई हटाएर नयाँ साइरन जडान गरिएको सरसफाइ प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए । नयाँ साइरन पहिलो चरणमा वीरगंज महानगरपालिकाका फोहोर उठाउने २५ वटा टयाक्टरमा जडान गरिएको महानगरपालिकाका सरसफाइ तथा वृक्षारोपण समिति संयोजक प्रकाश खेतानले बताए ।

शक्तिमान रोटावेटर
पाँच पटकको जोताई एक पटकमा
SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल